जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly

राष्ट्रिय साप्ताहिक

वर्ष ११ अंक २९, २०७९ साल पुस २९ गते शुक्रबार, नेपाल संवत् ११४३ (January 13, 2023) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

## ब्याजदर घटाउँदै बैंकर्स संघ

काठमाडौं । वाणिज्य बैंकहरूले आगामी माघदेखि निक्षेपको ब्याजदर घटाउने भएका छन् । नेपाल बैंकर्स संघको बुधबार बसेको बैठकले माघ १ गतेदेखि लागू हुने गरी मुद्दती निक्षेपको ब्याजदर घटाउने निर्णय गरेको हो ।

नेपाल बैंकर्स संघको नयाँ अध्यक्षमा एनएमबि बैंकका प्रमुख कार्यकारी अधिकृत सुनिल केसी निर्वाचित भएलगत्तै अहिले दिइँदै आएको व्यक्तिगत तथा संस्थागत मुद्दती निक्षेपको ब्याजदरमा १० प्रतिशत घटाउने निर्णय गरेको हो ।

वाणिज्य बैंकहरूले व्यक्तिगत मुद्दती खातामा १२ दशमलव १३ प्रतिशत दिँदै बाँकी ८ पेजमा

## धनी अभिनेताको सूचीमा शाहरूख



काठमाडौं । भारतका सबैभन्दा धनी र विश्वमा चौथो धनी कलाकारको सूचीमा भारतीय अभिनेता शाहरूख खान परेका छन् । यसअघि अक्षय कुमार परेका थिए ।

उनको व्यापार व्यावसायको मुनाफा उच्च रहेका कारण शाहरूख धनीको सूचीमा परेका हुन् । वर्ल्ड अफ स्ट्याटिस्टिक्सले ट्वीटरमा सार्वजनिक गरेको 'विश्वका धनी अभिनेता' सूचीले बाँकी ८ पेजमा

# प्रचण्ड सरकारको अग्निपरीक्षा सुरु

काठमाडौं । अकल्पनीय रुपमा भएको राजनीतिक समीकरणले नेपाली जनतामा आश्चर्य सँगसँगै नयाँ आशा, भरोसा र संशयसमेत जगाएको छ । जनताको अभिमतले ठूलो पार्टीको रुपमा अनुमोदित नेपाली कांग्रेस जसले सरकारको नेतृत्वको कमान थाम्नुपर्ने थियो । अहिले प्रतिपक्षको भूमिकामा बस्न बाध्य भएको छ ।

कांग्रेसले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई विश्वासको मत दिएपछि त मुख्य प्रतिपक्षी बन्ने योग्यतासमेत गुमाएको कानुनका जानकारहरू बताउँछन् । सरकारलाई समर्थन गर्ने दल प्रतिपक्ष हुन नसक्ने संसदीप्य मान्यतालाई समेत कांग्रेसले तिलाञ्जली दिँदै विश्वासको मत दिएर प्रतिपक्षमा बस्ने वर्णशंकर रणनीति अख्तियार गरेको छ । अहिले कांग्रेस सत्तापक्ष हो प्रतिपक्ष होइन । प्रतिपक्ष दलको नेता संवैधानिक परिषद्को पदेन सदस्य हुन्छन्, अब यो हैसियत कांग्रेस संसदीय दलका नेता एवं निवर्तमान प्रधानमन्त्री शेरबहादुर देउवाले गुमाइसकेको अवस्था छ । प्रतिपक्ष दलको नेताले पाउने सुविधासमेत संविधानतः देउवाले नपाउनुपर्ने हो । तर नेपाली कांग्रेस सरकारमा नजाने र प्रतिपक्षको हैसियतमा बस्ने भनिरहेको छ जुन कुरा संविधानले व्यवस्था गरेको छैन ।

कांग्रेसले प्रधानमन्त्री प्रचण्डलाई समर्थन गर्नुपर्ने कुनै कारण थिएन । ०५१ मा मनमोहन अधिकारी नेतृत्वको तत्कालीन सरकार अल्पमतमा थियो र त्यसलाई कांग्रेसले समर्थन नगरे मध्यावधिमा मुलुक जानेवाला थियो । तर अहिले त्यो अवस्था होइन । प्रचण्ड सरकारसँग स्पष्ट बहुमत थियो । कांग्रेस समर्थनको कुनै आवश्यकता थिएन । तर कांग्रेसले सरकारको समर्थन गरेर सत्तामोह नत्यागेको विश्लेषण गरिँदैछ । त्यसो त दुई वर्षसम्म यो सरकारविरुद्ध अविश्वास प्रस्ताव ल्याउन नपाइने संवैधानिक प्रावधान छ ।

दुई वर्षपछि सत्ता समीकरण बदल्ने उद्देश्यका साथ कांग्रेसले प्रचण्ड सरकारलाई समर्थन गरेको अनुमान गरिँदैछ । सुरुदेखि नै एमालेको अर्जुनदृष्टि पाँचदलीय गठबन्धन भत्काउनेमा केन्द्रित थियो । कांग्रेस सभापति देउवा र म्याडम आरजुको हठले पाँचदलीय गठबन्धनभित्र एमालेले खेल्ने मौका पायो । माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड आफूलाई प्रधानमन्त्रीमा समर्थन गर्न प्रचण्डले देउवासँग आग्रह गरे पपनि देउवा टसमस भएनन् । उनलाई पत्नी आरजु सालो भूषण राणा, बिचौलिया रामचन्द्र भट्टले



प्रधानमन्त्री पद नछोड्न उकासिरहे । त्यसो त देउवाको निरन्तरतामा भारत र अमेरिकासमेत नेपथ्यमा खेलिरहेका थिए । अझ इन्डो अमेरिकी धुरी त राष्ट्रपति समेत नछोड्न सल्लाह दिन थाल्यो । अब कांग्रेसले प्रचण्डलाई प्रधानमन्त्रीमा समर्थन नगर्ने निश्चित देखिएपछि प्रचण्ड बालकोटको शरणमा पुगे । एकदिन अघि मात्र प्रचण्ड बालकोटको शरणमा पुगे । एकदिन अघि मात्र एमाले अध्यक्ष केपी ओलीले भनिसकेका थिए– अब प्रचण्ड प्रधानमन्त्री बन्नु हुन्न उहाँले ढिला गर्नुभयो ।' प्रचण्डलाई आफ्नो दलले समर्थन गर्ने यो ओलीको संकेत थियो । यसलाई देउवाले बुझ्नै सकेनन् ।

प्रधानमन्त्री माग्न बालुवाटारमा गएका प्रचण्डलाई देउवाले जिल्लराम बनाएपछि 'अब गठबन्धन रहेन' भन्दै प्रचण्ड बालकोट हानिए । करिब २ घन्टाकै बीचमा नयाँ सत्ता समीकरण बालकोटमै तयार भयो । अन्ततः सातदलीय नयाँ गठबन्धनको नेतृत्व गर्दै प्रचण्डले मुलुकको कार्यकारी प्रमुखको रुपमा तेस्रो इनिङ गरे । कांग्रेसले प्रधानमन्त्रीमा प्रचण्डलाई पहिलो चरणमा समर्थन गरेको भए उसले राष्ट्रपति, सभामुख र चारवटा प्रदेशमा मुख्यमन्त्री पाउँथ्यो । जुन अहिले सबै गुमाएको अवस्था छ ।

सातै प्रदेशमा कांग्रेस र माओवादी केन्द्रले भागबन्डा गरेर मुख्यमन्त्री पड्काइसके । अब राष्ट्रपति, उपराष्ट्रपति, सभामुख, उपसभामुखको निर्वाचन हुँदैछ । एमाले माओवादी सहमतिअनुसार राष्ट्रपति र सभामुख एमालेबाट आउनेछन् । साढे दुई वर्षपछि सरकारको नेतृत्व पनि एमालेले नै गर्नेछ । प्रस्ट छ राजनीतिको केन्द्रबाट ओझेल परेको एमाले राजनीतिको केन्द्रमा बडो चलाखीपूर्ण तरिकाले फर्किएको छ भने नेपाली कांग्रेस संसदभित्रको ठूलो दल हुँदाहुँदै पनि सत्ता शक्तिबाट कर्नरमा परेको छ । सही समयमा सही निर्णय गर्न नसक्दा कांग्रेसले यतिबेला सर्वस्व गुमाएको अवस्था छ ।

गठबन्धनको नेतृत्व गर्दै प्रचण्डले मुलुकको कार्यकारी प्रमुखको रुपमा तेस्रो इनिङ गरे । कांग्रेसले प्रधानमन्त्रीमा प्रचण्डलाई पहिलो चरणमा समर्थन गरेको भए उसले राष्ट्रपति, सभामुख र चारवटा प्रदेशमा मुख्यमन्त्री पाउँथ्यो जुन अहिले सबै गुमाएको अवस्था छ ।

कांग्रेसले प्रचण्ड सरकारलाई समर्थन गर्नुमा राष्ट्रपति पदको लालच प्रमुख कारण रहेको पनि भनिँदैछ । एमालेको राष्ट्रपति र पछि फेरि एमालेकै प्रधानमन्त्री हुँदा संसद विघटनको खतरा हुन सक्ने कांग्रेसको बुझाइ देखिन्छ । अढाई वर्षपछि फेरि केपी ओली प्रधानमन्त्री बन्दैछन् । उनले राष्ट्रपतिमा पनि आफ्नै 'एसम्यान' ल्याउने छन् । आफूप्रति अनुग्रहित व्यक्तिलाई राष्ट्रपति बनाएपछि संसद विघटन गर्न सहज हुनेछ ओलीलाई जुन पहिले दुई दुई पटक वर्तमान राष्ट्रपति विद्या भण्डारीले ओली कदमलाई साथ दिएकी थिइन् । ओलीले संसदको पहिलो बैठकमा बोल्दै आफ्नै संसद विघटनको कदमलाई बचाउ गर्दै प्रधानमन्त्रीले संसद विघटन गर्नु अधिकार भएको जिकिर गरिसकेका छन् । यसले नेपाली कांग्रेसलाई झस्काइसकेको छ । आफ्नो राष्ट्रपति भए संसद विघटनको बाँकी ८ पेजमा

## "ह्युमन राइट्स वाच" को विवादास्पद प्रतिवेदन

काठमाडौं । विश्वभरको मानवअधिकार अवस्था विश्लेषण गरिएको एक प्रतिवेदनले राष्ट्रपति विद्यादेवी भण्डारीले नागरिकता विधेयक अस्वीकृत गर्दा हजारौं नेपाली नागरिकताविहीन भएको बताएको छ ।

अन्तर्राष्ट्रिय मानवअधिकारवादी संस्था ह्युमन राइट्स वाचले हिजो




सार्वजनिक गरेको मानवअधिकारको विश्वव्यापी बाँकी ८ पेजमा

## आकासियो चामलको मूल्य

काठमाडौं । निर्वाचनलगत्तै नेपाली बजारमा चामलको मूल्य उकालो लाग्न थालेको छ । निर्वाचन अघिसम्म सामान्य अवस्थामा रहेको चामलको मूल्य निर्वाचनताका एकाएक प्रतिकिलो २० रुपैयाँ र प्रतिबोरा ५०० रुपैयाँसम्म बढेर बजारमा आएको हो । उद्योगीहरूले बढाएको मूल्यमा चामल पठाएपछि सोही आधारमा उपभोक्तालाई बेचिरहेको खुद्रा व्यापारी बताउँछन् ।

निर्वाचनभन्दा अघिसम्म ७० रुपैयाँ प्रतिकिलो रहेको पोखरेली चामलको भाउ हाल ९० रुपैयाँ प्रतिकिलो पुगेको छ । यसअनुसार २० किलोको बोरामा ४०० र २५ किलोको बोरामा ५०० रुपैयाँसम्म मूल्यवृद्धि भएको छ ।

यस्तै, निर्वाचनअघि १२० रुपैयाँ प्रतिकिलो रहेको बासमती चामलको मूल्य हाल १० रुपैयाँ बढेर १३० रुपैयाँ प्रतिकिलो पुगेको छ । बासमती चामल पनि २० किलोको बोरामा २०० रुपैयाँसम्म मूल्य बढेर आएको छ ।



यसका साथै, स्टिम सोना मन्सुली चामलको मूल्य प्रतिकिलो ६० रुपैयाँ पुगेको छ । यसअघि, यो चामलको बजार मूल्य ५५ रुपैयाँ प्रतिकिलो थियो । यो चामलको मूल्य २० किलोको बोरामा १०० रुपैयाँ बढेको हो ।

बजारमा एकाएक चामलको मूल्य बढेसँगै चामलबाट बन्ने वस्तुहरूको मूल्यसमेत उकालो लागेको छ । बजारमा चिउराको मूल्य प्रतिकिलो ५ देखि १० रुपैयाँसम्म बढेको छ ।

नेपाल खुद्रा व्यापार संघले निर्वाचन यता उद्योगबाट पटक-पटक चामलको मूल्य बढेर आएको स्वीकार गरेको छ ।

खुद्रा व्यापारीहरूले मूल्य बढ्नुमा उद्योगीलाई दोष दिइरहँदा उद्योगीहरू भने भारतमा मूल्य बढेकाले त्यसको प्रभाव नेपाली बजारमा देखिएको दाबी गर्छन् । रुस-युक्रेन युद्धका कारण विश्वभर खाद्यान्नको माग बढ्दा भारतमा धानको मूल्य बढेकाले नेपालमा चामलको मूल्य बढ्न थालेको उद्योगीहरूको तर्क छ ।

यस्तै चालु आर्थिक वर्ष २०७९/८० को ५ महिनाको अवधिमा भारतबाट १२ अर्बभन्दा बढीको धानचामल भित्रिएको छ । धान र चामलमा भारतीय उत्पादनमा निर्भर नेपाली अर्थतन्त्रमा वार्षिक अर्बौं रुपैयाँ बराबरको आयात हुने गरेको छ । साउनदेखि मंसिरसम्मको अवधिमा भारतबाट ५ अर्ब ३६ करोड रुपैयाँभन्दा बढीको धान भित्रिएको छ । यसबाहेक, ७ अर्ब रुपैयाँभन्दा बढीको चामल र २८ करोड २६ लाख रुपैयाँभन्दा बढीको कनिका आयात भएको छ ।

## पब्जीमा नेपाललाई उपविजेताको ट्रफी

काठमाडौं । नेपाली टोली पब्जी मोबाइल विश्वकप च्याम्पियनसिपमा उपविजेता बनेको छ । इन्डोनेसियामा भएको खेलमा नेपालको डिआरएस टोली टर्कीको एसटुजीसँग पराजित भएको हो । फाइनल चरणमा एसटुजीले सर्वाधिक एक सय ९० अंक जोड्दै उपाधि हात पाऱ्यो । नेपाली टोली डिआरएसले एक सय ५८ अंक हात पार्दै उपविजेता ट्रफी उचाल्यो । उपविजेता डिआरएसले तीन करोड ८६ लाख २९ बाँकी ८ पेजमा

## सात प्रदेशमै मुख्यमन्त्री चयन

काठमाडौं । गत मंसिर ४ को जनादेशपछि सातै प्रदेशले नयाँ मुख्यमन्त्री पाएका छन् । प्रदेश १ मा एमालेका हिक्मत कार्की, मधेसमा जनता समाजवादी पार्टीका सरोज यादव, बागमतीमा माओवादीका शालिकराम जम्कट्टेल, गण्डकीमा एमालेका खगराज अधिकारी, लुम्बिनीमा एमालेका लीला गिरी, कर्णालीमा माओवादीका राजकुमार शर्मा र सुदूरपश्चिममा एमालेका राजेन्द्र रावल मुख्यमन्त्री नियुक्त भएका छन् ।

बागमती प्रदेशका नवनियुक्त मुख्यमन्त्री शालिकराम जम्कट्टेलले शपथ लिएलगत्तै एमालेका जगन्नाथ थपलिया र राप्रपाका उद्धव थापालाई मन्त्री नियुक्त गरेका बाँकी ८ पेजमा

## १७ डीआईजीको सरुवा

काठमाडौं । गृह मन्त्रालयले १७ जना प्रहरी नायव महानिरीक्षक (डीआईजी) को सरुवा गरेको छ । मन्त्रालयको बिहीबारको निर्णयले उनीहरूको काज सरुवा गरेको हो ।

मन्त्रालयका अनुसार डीआईजीहरू टेकप्रसाद राई, अशोक सिंह, दीपक थापा, श्यामलाल बाँकी ८ पेजमा

## प्रहरी नियमावली संशोधनको प्रस्ताव

काठमाडौं । प्रहरी महानिरीक्षक (आइजिपी) राजु अर्यालले प्रहरी नियमावली संशोधन गर्न केही नयाँ प्रस्तावहरू अघि सारेका छन् । सशस्त्र प्रहरी बलले प्रहरी सहायक निरीक्षक (असई)मा भर्ना नलिने र प्रहरी निरीक्षकमा भर्ना भएको १६ वर्षमा प्रहरी उपरीक्षक (एसपी) बढुवा हुनैपर्ने प्रावधान अघि सारेको हुन् ।

आईजीपी अर्यालले संगठनलाई प्रविधिमैत्री बनाउने तथा सीमा सुरक्षाका लागि जनशक्ति बढाउन सरकारसँग माग गर्दै आएका बेला प्रहरी नियमावली पनि संशोधनको प्रस्ताव गरेका हुन् । वृत्ति विकासका लागि उनले जुनियर अधिकृतमा भर्ना नलिने, प्रहरी निरीक्षकमा खुलाबाट भर्नाको अनुपात बाँकी ८ पेजमा

## ८ करोड १० लाख नोट थन्किए

काठमाडौं । प्रतिबन्धित भारु पाँच सय र एक हजार दरका सटही नभएका ८ करोड १० लाख नेपाली रुपैयाँ थन्किएको आधा दशक बितिसक्यो । तर अझै सटही हुन सकेको छैन । यता भारतीय सुप्रिम कोर्टले गत पुस १८ गते ५ सय र हजार दरका भारु नोट अमौद्रिकीकरण गर्ने तत्कालीन सरकारले गरेको निर्णय सही भएको फैसला सुनाएको छ । नोटबन्दीविरुद्ध सर्वोच्च अदालतमा दायर भएका ५४ वटा रिटमाथि पाँच न्यायाधीशको इजलासले फैसला सुनाएको थियो । बाँकी ८ पेजमा

## आर्थिक वृद्धिदर ५.१ प्रतिशत हुने प्रक्षेपण

काठमाडौं । विश्व बैंकको विश्व अर्थतन्त्रमा मन्दी देखिने प्रक्षेपण गरेको छ । 'ग्लोबल इकोनोमिक प्रस्पेक्टस' सार्वजनिक गर्दै विश्व बैंकले सन २०२३ मा विश्वव्यापी आर्थिक वृद्धिदर १.७ प्रतिशतमा सीमित हुने अपेक्षा गरेको हो । उक्त प्रतिवेदनले युक्रेन र रूसबीच चलिरहेको युद्ध तथा कोरोना महामारीको प्रभावबाट उत्पन्न विविध कारणले गर्दा विश्व अर्थतन्त्रमा संकट आएको उल्लेख गरेको छ ।

तर सो प्रतिवेदनमा नेपालको आर्थिक वृद्धिदर ५.१ प्रतिशत हुने आँकलन गरिएको छ । विश्वको तुलनामा नेपालको आर्थिक वृद्धि भने यो प्रक्षेपणले सन्तोषजनक रहेको देखाएको छ । विश्व बैंकले दक्षिण एसियामा नेपालको आर्थिक बाँकी ८ पेजमा

## पृथ्वीनारायण र उनको न्याय व्यवस्था

■ **घनश्याम ओली**

लोकतन्त्रको प्राण नै कानुनी राज्यको अवधारणाको सफल कार्यान्वयन हो । हाम्रो इतिहास र परम्परालाई हेर्ने हो भने राजा राम शाह, राजा जयस्थिति मल्ल, राजा महेन्द्र मल्लका पालादेखि नै न्याय र कानुनको समुचित व्यवस्था गरी जनतामा रीतिस्थिति सञ्चालन भइरहेको र न्याय एवं कानुनको क्षेत्रमा राज्यहरू पूर्ण रुपले विकसित अवस्थामा रहेको पाइन्छ ।

आजभन्दा दुई सय वर्षअगाडि पृथ्वीनारायण शाहले नेपाल राज्यको एकीकरण गरी जनतालाई सुशासनको प्रत्याभूति गराएका थिए । उनको सिंगो जीवन सिपाही सरह युद्ध मोर्चामा बिते पनि उनले अदालत, न्याय र कानुनको क्षेत्रमा आस्था राखी कानुनी राज्यको अवधारणालाई पूर्णरुपमा लागू गर्न प्रयत्नशील रहेको इतिहासले बताउँछ ।

पृथ्वीनारायण शाहको दिव्योपदेशले प्रमाणित गर्छ कि उनले अदालतको संगठन, कानुनको निर्माण र न्याय सम्पादनमा विशेष नीति निर्देशन कायम गरी न्यायप्रति आस्थावान राजाका रुपमा शासन सञ्चालन गरेका थिए । अदालतको संगठन सम्बन्धमा पृथ्वीनारायणको उपदेश थियो– 'अदालतमा पनि ठकुरी जाँची डिठ्ठा राख्नु, मगर जाँची विचारी थाप्नु, कचहरीपिच्छे एक एक पण्डित राखी न्यायशास्त्र बमोजिम अदालत चलाउनु । यसरी ठकुरी क्षेत्री मगर (वेश्य) पण्डित (ब्राह्मण) तीनै जातको गुण कर्म विभागका आधारमा नै श्रीमद् भागवत गीताको उपदेशको आधारमा अदालतको जनशक्ति निर्माण गरी अदालतको संगठन गर्नुपर्ने उनको सिद्धान्त देखिन्छ । यसका साथै दिव्योपदेशमा 'निआशास्त्र बमोजिम अदालत चलाउनु' भनिएको छ ।

यसरी संविधान र कानुनको कार्यानवयन भएमा न्यायिक अराजकता, अन्याय, पक्षपात र दूषित निर्णय र फैसला हुने कुनै गुन्जाइस रहँदैन । यसैलाई भनिन्छ विधिको शासन । यदि पृथ्वीनारायण शाहले



भनेजस्तो निआशास्त्र बमोजिम अदालत चलेको भए नेपालको कानुनी इतिहासमा यति ठूलो विवादमा सर्वोच्च अदालत तानिने नै थिएन । न त प्रधानन्यायाधीशमाथि महाअभियोग लाग्थ्यो न त अदालतप्रतिको जनआस्था नै डगमगाउने परिस्थिति सिर्जना हुन्थ्यो ।

पृथ्वीनारायण शाहले न्यायपालिकाको संगठन र न्याय सम्पादनमा विधिशास्त्रसम्मत व्यवस्था मात्र गरेनन्, त्यही सिद्धान्तलाई मध्यनजर राखी न्यायपालिका र शासन व्यवस्थामा भ्रष्टाचार र घूसखोरीलाई समेत निषेध गरेका थिए । यदि न्यायपालिका र शासन व्यवस्थामा भ्रष्टाचार र घूसखोरी बढ्यो भने त्यसले न्याय कानुन र शासन व्यवस्थालाई नै समाप्त पार्छ भन्ने कुरामा उनले गम्भीरतापूर्वक सतर्कता र निगरानी राखेका थिए । तब राजाले ठूलो न्याय निसाफ हेर्नु, अन्याय मुलुकमा हुन नदिनु, नियाँ निसाफ बिगार्न्या भन्याको घुस दिन्या र घुष खान्या हुन्, ईन

दुईको ता जिउधन गरिलियाको पनि पाप छैन, इ राज्यका महासतुर हुन्' भन्ने दिव्योपदेशबाट राज्य र न्यायपालिकालाई भ्रष्टाचारको घेराबाट मुक्त राख्नुपर्ने अनिवार्यतालाई विशेष जोड दिएको देखिन्छ । यदि उनको दिव्योपदेशको अनुशरण गर्ने हो भने न्यायपालिका बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि

**सम्पादक/प्रकाशक**
**सुरेन्द्रप्रसाद ढकाल**

**कार्यकारी सम्पादक**
**तेजेन्द्र प्रसाईं**

**प्रबन्ध सम्पादक**
**कृष्णराज दुलाल**

**प्रबन्ध निर्देशक**
**किरण थापा**

**अतिथि सम्पादक**
**विष्णु भट्टराई**

**सहसम्पादक**
**घनश्याम ओली**

**संवाददाता**
**रामशरण रिमाल**

**सहायक सम्पादक/संवाददाता**
**गोविन्द विक**

**आजीवन सल्लाहकार**

योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. पिताम्बर रावल, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्राचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, श्री पुण्यप्रसाद पौडेल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४४९६८१८,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# दृढ विश्वासको खाँचो

विकासोन्मुख मुलुकका रूपमा रहेको नेपाल सहरीकरणको मार्गमा द्रुत रूपमा अघि बढिरहेको छ । सहरीकरणको विकाससँगै प्राकृतिक सम्पदाको विनाश भइरहेको छ भने सहरीकरण पनि अव्यवस्थित रूपमा अघि बढेको छ । अव्यवस्थित सहरीकरण र बस्ती विकासले प्राकृतिक सम्पदाको विनाश, नदीनाला, ढुंगेधारा, कुवा जस्ता प्राकृतिक पानीका स्रोतको विनाश, खेतीयोग्य कृषि भूमिको विनाश जस्ता कुराहरू भइरहेका छन् । अव्यवस्थित सहरीकरण र बस्ती विस्तारले गम्भीर प्रकृतिका पर्यावरणीय जोखिमहरू निम्तिने गरेका छन् । चौतर्फी रूपमा बढिरहेको भौतिक विकासले सहरमा हरियालीको अभाव भइरहेको छ ।

हाम्रो राजधानी सहर काठमाडौं समेत अत्यन्तै भद्रगोलपूर्ण अवस्थामा रहेको छ । अव्यवस्थित बाटाघाटा, पर्याप्त हरियाली र पार्कहरूको अभाव, अनियन्त्रित सवारी साधन, धूलोधूवाँ जस्ता कुराले राजधानी सहर आक्रान्त बनेको छ । जनसंख्याको हिसाबले महानगर भए तापनि महानगर बमोजिमका पूर्वाधारहरूको भने अभाव छ । अब नयाँ सरकारले विकासलाई मुख्य प्राथमिकता दिने कुरा चर्चाको विषय बनिरहेको छ । गाउँ, सहर सबैतिरका जनताले दलका नेताहरूसँग मतदान गर्नुपूर्व विकासकै माग राखेर प्रतिबद्धता जाहेर गर्न लगाएका छन् । विजयी बनेका दलहरूका घोषणापत्रमा आर्थिक विकासलाई प्राथमिकतामा राखिएको छ । मुलुकको चाहे जुनसुकै ठाउँमा किन नहोस् विकासको काम गर्दा पर्यावरणलाई ध्यान दिन जरूरी छ । विकाससँग प्राकृतिक विनाश जोडिएर आएको हुन्छ । वनजंगलको फणानी गरेर संरचना निर्माण गरिन्छ । यस्तो अवस्थामा क्षतिपूर्तिको लागि फणानी भएका संख्याको दोब्बर वृक्षरोपण गर्न आवश्यक छ ।

पर्यावरणीय जोखिमको विश्वव्यापी खतरा बढिरहेको सन्दर्भमा हाम्रोजस्तो मुलुकले पर्यावरण संरक्षण र जैविक विविधताको संरक्षणमा जोड दिंदै आर्थिक क्रान्तिसँग हरित क्रान्तिलाई जोडेर अघि बढ्न जरूरी छ । पर्यावरणमैत्री विकासको चेत फैल्याउन केन्द्रदेखि स्थानीय तहसम्मले सचेत हुन आवश्यक छ । अन्यथा विकासको नाममा विनाश निम्त्याउने काम मात्र हुनेछ ।

पर्यावरण संरक्षणमा युवा विद्यार्थीको भूमिका महत्वपूर्ण हुन्छ । विद्यालय, विश्वविद्यालय तहमा लाखौं विद्यार्थीहरूले अध्ययन गरिरहेका छन् । विद्यालय तहमा वातावरणसम्बन्धी केही अध्ययन गराइए तापनि ती पर्याप्त छैनन् । अध्ययन, अध्यापन गर्ने गराउने ठाउँहरू पर्यावरणमैत्री हुन आवश्यक छ । धूलो, धूवाँ, फोहोर र अस्वस्थ्यकर वातावरणमा बसेर अध्ययन गर्दा खेलकुद, अतिरिक्त क्रियाकलापमा भाग लिंदा विद्यार्थीको स्वास्थ्यमा प्रतिकूल प्रभाव पर्छ । स्वास्थ्य वातावरणका साथै शैक्षिक संस्थाहरूमा सफा पिउनेपानी र स्वच्छ शौचालयको व्यवस्था हुन आवश्यक छ । विद्यार्थीहरूलाई कलिलो उमेरदेखि नै वातावरणसम्बन्धी शिक्षा र तदनुरूपको व्यवहारमा अभ्यस्त गराइनुपर्छ । सहर बजारमा मात्र नभएर तराई, पहाड, हिमाली क्षेत्रसम्म विद्यालय र वरिपरिको वातावरणमा जङ्कफुडको ठूलो प्रभाव परेको देखिन्छ । चाउचाउ, बिस्कुट, कुर्कुरे, चिजबल, लेज, चकलेट जस्ता खानेकुरा खाएर जथाभावी फ्याँकिने फोहोर प्लास्टिकले वातावरण दूषित बनाएको देख्न सकिन्छ । त्यसैगरी यस्ता प्लास्टिकजन्य पदार्थ खेतबारीमा फैलिएका कारण माटोको गुणस्तरमा प्रतिकूल प्रभाव परिरहेको छ । शैक्षिक संस्थाहरूको पर्यावरणमा सुधार ल्याउनका लागि प्लास्टिकजन्य फोहोरको उचित व्यवस्थापनको लागि विद्यार्थीमा चेतना जगाउने काम गर्न आवश्यक छ । प्लास्टिकजन्य फोहोरले गाउँघरका सुन्दर चउर र पिकनिक स्पटहरू समेत प्रदूषित बनिरहेका छन् । त्यसैगरी पानीका स्रोत भएका धारा, कुवा, खोलानाला, कुलोपैनीमा समेत यस्ता फोहोर जथाभावी फाल्नाले पानीमा समेत प्रदूषण फैलिरहेको छ ।

विकासबाट निम्तिन सक्ने विनाशको व्यवस्थापन र पर्यावरणमैत्री आर्थिक विकासको अवधारणा सम्बोधन गर्ने खालको आर्थिक क्रान्ति अघि बढाउन युवा विद्यार्थी वर्गको सहभागिताबिना सम्भव छैन । संगठनहरूले नेतृत्व गरेर आफ्नो विद्यालय, कलेज परिसरको वातावरण स्वच्छ राख्न विद्यार्थीलाई जागरूक बनाउन सक्छन् । उद्योगधन्दा, कलकारखाना, अस्पतालहरूले फैल्याएको प्रदूषण नियन्त्रण गर्न विद्यार्थी संगठनहरूले दबाब दिन सक्छन् । हाम्रा हिमालहरू कालापहाडमा परिणत भइरहेका छन् । अबको ८० वर्षपछि सगरमाथामा समेत हिउँ नपर्ने संकेत वैज्ञानिकहरूले गरिरहेका छन् । हामीले फोहोर नियन्त्रण गर्न, वृक्षरोपण गरेर हरियाली बढाउन, पानीका स्रोत संरक्षण गर्न अवश्य सक्छौं । त्यसका लागि हामी सबैमा दृढ संकल्पको खाँचो छ । युवा, विद्यार्थीहरूको जोश, जाँगर र ऊर्जालाई उचित ढंगले परिचालन गर्नेतर्फ राज्यको समेत ध्यान जान आवश्यक छ ।

# NNA ले हावा खायो : मुख्यमन्त्रीमा प्रचण्ड, जनविद्रोहलाई बाटो खुल्यो



**सुरेन्द्र ढकाल**

चुनावअगाडि नो नट एगेन (NNA) सामाजिक संजालमा निकै छाएको थियो । तर हिजो प्रचण्डले संसदमा प्रचण्ड बहुमत प्राप्त गरी आगामी दुई वर्ष ढुक्कसँग सरकार चलाउन पाएपछि NNA ले हावा खायो । हावी पुरानै भए । यस बहुमतपश्चात् अब संसदमा विपक्ष भनेको चित्रबहादुर र प्रेम सुवालमात्रै बाँकी रहे । नो नट एगेन भनेर चुनाव जित्ने स्वतन्त्र सांसदहरू, राष्ट्रिय स्वतन्त्र पार्टीका सांसदहरू अनि भ्रष्टाचार गर्नु भनेको आमाको रगत खानु बराबर हो भन्ने राप्रपाका सांसदहरूले पनि राष्ट्रघात, भ्रष्टाचार र असक्षमताको मूल प्रवाहमा पद भागवण्डा नै गरेर आफूलाई समाहित गरे ।

पृथ्वीनारायण शाहले आफ्नो दिव्योपदेशमा घुष लिन्या र दिन्या दुबै देशका शत्रु हुन् मात्रै भने घुष लिने र दिनेलाई चिन्नेबित्तिकै सर्वस्व गरी देश निकाला गर्नुपर्छ भन्न बिर्सेछन् । यही कारण देशमा शत्रुको राज भएको छ । मुकुण्डोधारी नयाँ नयाँ घुस्याहाहरू राजनीतिमा थपिंदा छन् ।

अहिले नेपालको राजनीतिमा यही पुराना र नयाँ घुस्याहाहरूको हावी हुन पुगेको छ । मतदाताहरूले चुनावमा यिनीहरूलाई जिताएर यिनीहरूले गरेको पाप पखालिदिएका छन् । नेपालको संसद प्रतिपक्षबिहीन भएको छ । जर्मनीको राजनीतिक इतिहासमा पनि एकपटक दुई ठूला दल क्रिश्चियन डेमोक्राट र सोसल डेमोक्राट मिली ग्रेटर कोआलिसन बनाउँदा संसद प्रतिपक्षबिहीन भएको कारण जर्मन जनताहरू बाध्य भई संसद बाहिरको विपक्ष (Outer Parlimentary Opposition) भन्दै जनविद्रोह गरेर सडकबाट सरकार ढाल्न सफल भएपछि त्यहाँ फेरि त्यस्तो घटना कहिल्यै दोहोरिएन । नेपालको संविधानले त बहुमत सांसदको मत बटुल्न सक्ने निर्दलीय प्रधानमन्त्रीको समेत व्यवस्था गरेबाट जनतालाई सडकबाटै संबैधानिक आधारमै विद्रोह गर्ने छुट दिएको छ भन्दा हुन्छ ।

२००७ सालको प्रजातन्त्रसँगै नेपालमा प्रजातन्त्रको नाममा राष्ट्रघात गर्ने परम्पराको विकास भयो । राजाको सल्लाहकार भारतीय हुने, भारतीय राजदुत नेपालका लागि हाइकमिस्नर भई नेपालको मन्त्रिमण्डलमा हस्तक्षेपकारी रुपमा भाग लिन पाउने, चीनसँगको सीमाको १८ स्थान भारतीय सुरक्षा चेकपोस्ट रहने, कोसी गण्डकी भारतलाई क्वाप्लाक्कै पार्न दिने, चीनसँगको उत्तरी सीमाको लिम्पियाधुरामा जिरोबाट सीमा स्तम्भ सुरु हुनुपर्ने, टिंकरबाट सीमा स्तम्भ नं. १ सुरु गर्नेजस्ता कार्य भए । राजा महेन्द्रले २०१७ सालमा पंचायत व्यवस्था सुरु गरेपछि एकपछि अर्को गर्दै नेपालमाथिको भारतीय नियन्त्रणलाई कम गर्न सफल भए तापनि कालापानीबाट भारतीय चेकपोस्ट हटाउन नसक्नु अनि सन् १९६५ मा सरदार यदुनाथ खनाललाई भारत पठाइ सुटुक्क भारतसँग गोप्य सैनिक सम्झौता गरी नेपाललाई भुटानको बराबरीमा झार्नुले भारतीय हैकम नेपालमा पूरै अन्त भने हुन सकेन ।

भारतीय हैकमलाई साइजमा ल्याई नेपालको अन्तर्राष्ट्रिय छवि उजिल्याउन र भारतीय विस्तारवादबाट नेपाललाई जोगाउन राजा वीरेन्द्रले शान्तिक्षेत्रको प्रस्ताव अघि सारे । ७० को दशकमा सोभियत संघसँगको २० वर्षे सैनिक सम्झौताको आडमा पाकिस्तानलाई टुक्र्याई स्वतन्त्र बंगलादेश बनाउन र सिक्किम खान भारत सक्षम भएपछि भारतीय विस्तारवादलाई साइजमा ल्याउनु जरुरी भएकै कारण शान्तिक्षेत्रको प्रस्ताव आएको थियो जसलाई तत्कालिन सोभियत संघबाहेक चीन, अमेरिकालगायत सुरक्षापरिषदका सबै सदस्य राष्ट्रसहित विश्वका ११६ राष्ट्रले समर्थन पनि गरेका थिए । तर भारतले उक्त प्रस्ताव कहिल्यै मानेन । नमान्नुको कारण ऊ नेपाललाई ढिलो चाँडो खान चाहन्छ भन्ने कुरा प्रस्टै थियो ।

भारतको यही रवैयाको कारण राजा वीरेन्द्रले नेपालको सुरक्षाको खातिर चीनसँग हातहतियार खरिद गरेपछि टाइम्स अफ इण्डियाले राजा महेन्द्रसँग भारतले गरेको सन १९६५ को गोप्य सन्धि छापी चीनसँग हतियार किन्नुले उक्त सन्धिको नेपालले उल्लंघन गरेको बतायो । त्यसकोलगत्तै भारतले नेपालमाथि आर्थिक नाकाबन्दी थोपऱ्यो र पंचायत विरोधी दलहरूलाई एकत्र गरी २०४६ सालमा पंचायत व्यवस्था फाल्न भारत सफल भयो । अनि बहुदलपछि बनेको भारतीय एजेन्टको सरकारले शान्तिक्षेत्रको प्रस्तावलाई रद्दीको टोकरीमा मिल्काइदियो । त्यसको लगत्तै जून महिनामा प्रधानमन्त्री कृष्णप्रसाद र परराष्ट्रमन्त्री साहनाले भारतसँगको संयुक्त वक्तव्यमा हस्ताक्षर गरी नेपालका नदीहरू सबै साझा हुने र नेपालमा भारतीयहरूलाई काम गर्न वर्कपरमिट नचाहिने घोषणा गरेपछि पुनः नेपालको राजनीतिमा भारतीय नियन्त्रण स्थापित हुन पुग्यो ।


घुस लिन्या र दिन्या दुबै दोषी हुन










आफूलाई एकसेएक राष्ट्रवादी भन्न रुचाउनेहरूको भारतवादी मुकुण्डो धमाधम उघ्रिन थाल्यो । टनकपुर, पञ्चेश्वर एकपछि अर्को गर्दै भारतको पोल्टामा पुग्यो । अर्कोतर्फ गिरिजाले धमिजा काण्ड मच्चाई सुरु गरेको भ्रष्टाचारको संस्थागतिकरण वाइड बडीसम्म आउँदा त्यसमा सबै प्रधानमन्त्रीहरू मुछिए । उनीहरूले कहिले सजाय भोग्नु नपर्दा प्रजातन्त्र र भ्रष्टाचार नेपालको परिप्रेक्ष्यमा एकै सिक्काका दुई पाटा हुन पुगे ।

यसको साथै नेपालमा जनसांख्यीय अतिक्रमण (Demographic agression) गरी वैधानिक रुपबाटै नेपाललाई भारतमा मिलाउने अभियान पनि अगाडि बढ्यो । तर राजा वीरेन्द्रले संवैधानिक राजा भए तापनि बारम्बार लालमोहर लगाउन दरबार पठाइएको नागरिकता विधेयक एकपछि अर्को गर्दै सर्वोच्च अदालततर्फ धकेल्दिन थाले जसको फलस्वरुप माओवादी जनयुद्धलाई मलजल गर्दै उचालेर भारतले राजा वीरेन्द्रको वंश विनाश गर्दै कालान्तरमा नेपालबाट राजतन्त्रको जरा नै उखेलिदियो ।

गणतन्त्र नेपालका भारतवादी नयाँ शासकहरूले नागरिकता विधेयक पास गरी ६४ लाख भारतीयहरूलाई नागरिकता दिन सफल भएपश्चात् नेपाल भारतको अघोषित राज्य बन्न पुगेको छ । प्रचण्डले प्रधानमन्त्रीको हैसियतमा भारत भ्रमण गर्दा निकालेको संयुक्त वक्तव्यले अन्तर्राष्ट्रिय मामलामा नेपाल र भारतको समान धारणा हुने आधिकारिक घोषणा गऱ्यो र केही समयअघि मात्रै नेपालमा भारत कम्फर्ट सरकार हुनुपर्छ भन्ने कुरा पैरवी गर्ने प्रचण्ड अहिले तेस्रो पटक नेपालको सर्वसम्मत प्रधानमन्त्री बन्न पुगेका छन् । यसमा आफूलाई राष्ट्रवादी र भ्रष्टाचार विरोधी भन्न रुचाउने राप्रपा र रास्वपा पनि सामेल छन् ।

भारतवादीहरूको प्रचण्ड बहुमतको यस सरकारको झ्वाट्ट हेर्दा प्रधानमन्त्री प्रचण्ड भए तापनि उनलाई अब प्रधानमन्त्री होइन, मुख्यमन्त्री भन्दा फरक नपर्ला । उनको मुख्यमन्त्री पदमा भएको बहालीसँगै अब विशाल राष्ट्रवादी जनविद्रोहको लागि बाटो खुला भएको छ । यसको नेतृत्व अब कसले गर्छ हेर्नुपर्छ, धैर्य गर्नुपर्छ ।

# सहश्राब्धीका महानायक पृथ्वीनारायण शाह



**गोपीकृष्ण प्रसाई**

पृथ्वीनारायण शाह यो सहश्राब्दीकै उत्कृष्ट व्यक्ति हुन् । राजा पृथ्वीनारायण शाहजस्तो राष्ट्र निर्माण गर्ने कर्मयोगी यो धर्तीमा जन्मेकै कारण हामी स्वतन्त्र नेपाल राष्ट्रका सार्वभौम नागरिक हुन पाएका छौं । जीवनभर राष्ट्र निर्माणको महायज्ञमा आफूलाई समिधाको रुपमा अर्पण गर्ने यी महान व्यक्तिले विभिन्न युद्धमा पटक पटक हार खानु परेको थियो तर हारबाट कहिल्यै बिचलित नभइकन सिङ्गो नेपाल राष्ट्र बनाउने आफ्नो लक्षमा यिनले कहीं कहिल्यै तुषारापात हुन दिएनन् । निरन्तरको प्रयासपछि यिनले आफ्नो एकीकरण अभियानलाई सफल बनाएरै छोडे । गोर्खा राज्यका राजा पृथ्वीनारायण शाहले दक्षिणतिर इस्ट इन्डिया कम्पनीले सम्पूर्ण हिन्दुस्तानमा लगाएको चोटपटक अनि अतिक्रमणलाई राम्रैसँग बुझेका थिए । त्यसैले त यिनी नेपालभरि छरिएका अनेकौं राज्यलाई एकीकृत गरेर शक्तिशाली राज्य निर्माण गर्न चाहन्थे । उनको त्यही दूरदर्शिताको परिणाम स्वरुप गोर्खा राज्य फैलिएर सिङ्गो आधुनिक नेपाल राष्ट्र बन्न पुग्यो । यो राष्ट्र निर्माणको खातिर उनले आफ्नो सम्पूर्ण जीवन अर्पण गरेका थिए ।

राजा पृथ्वीनारायण आफ्नो माटो र जनतालाई माया गर्ने, कडा मेहनत अनि जाँगरले भरिएका एक दूरदर्शी राजा थिए । उनको बारेमा आफ्नो अभिमत दिंदै अंग्रेजी लेखक डा. हेमिल्टन भन्छन्-"पृथ्वीनारायण शाह निर्वाध रुपमा महत्वाकांक्षी व्यक्ति थिए । ठिक समयमा ठिक निर्णय गर्ने क्षमता यिनमा भरपुर मात्रमा थियो । यिनी साहसी व्यक्ति थिए, आफ्नो काममा सदा व्यस्त रहन्थे ।'

त्यस्तै फ्रेन्च विद्वान सिल्वा लेभीको भनाइअनुसार राजा पृथ्वीनारायण शाह तत्काल आइपरेको परिस्थितिबाट लाभ उठाउन सक्ने क्षमता भएका सचेत व्यक्ति थिए । यिनी महत्वाकांक्षी हुनुका साथै अथक परिश्रमी पनि थिए । यिनको प्रतिभा अत्यन्तै तिव्र थियो । यिनी आफ्नो निर्णय छिटो छिटो गर्थे र निष्काम भावले सधैं आफ्नो काममा लागिपरेका हुन्थे ।

राजा पृथ्वीनारायण शाहलाई देशी विदेशीहरूले मुक्त कन्ठले प्रशंसा गरेका छन् । ब्रिटिस साम्राज्यले सिंगो भारतमा आफ्नो आधिपत्य जमाइरहेको बेला सूर्य, चन्द्र अङ्कित झन्डा फहराएर नेपाली मौलिकता अनि नेपालको अस्तित्व सग्लो राख्ने यी पराक्रमी राजा हुन् । राजा पृथ्वीनारायण शाह पछि राजाकै हैसियतमा कसैले पनि युद्ध मैदानमा गएर युद्ध लडेनन् । अत्यन्तै हिम्मत, आँट, सौर्य, पराक्रम भएका राष्ट्र निर्माता राजा युद्धमा आफैं सरिक भएका धेरै उदाहरण छन् । कीर्तिपुरको पहिलो युद्धमा गोर्खाली फौजको हार भयो । राजा पृथ्वीनारायणका अत्यन्तै प्रिय पात्र काजी कालु पाण्डे मारिए । स्वयं राजा पनि कीर्तिपुरेको कब्जामा परे । तर त्यस बेलाको धर्मयुद्धको रणनीतिअनुसार राजालाई मार्नु हुँदैनथ्यो र पृथ्वीनारायण शाह बच्न पुगे ।

आफ्नो ज्यानको परवाह नगरी राज्य एकिकरणमा लागेका राजाले जीवनभर खपेको अनेकौं दुःखको बाबजुद एकीकरण अभियान रोकेनन् । निरन्तर आफ्नो कर्ममा लागिरहे । कीर्तिपुरकै दोस्रो युद्धमा उनका भाइ सुरप्रताप शाहको आँखा फुट्यो । राजाको अभियानमा साथ दिने उनका भाइ, भरदारको पौरख अनि उत्साहको यहाँनेर तारिफ गर्नु सान्दर्भिक ठहर्छ । पृथ्वीनारायण शाहले पान्डेको ढाल र बस्नेतको तरवारले आर्ज्याको मुलुक भनेर आफ्ना भरदारहरूमा ऊर्जा थपेका थिए । पृथ्वीनारायण शाहका फौजमा क्षेत्री, मगर, गुरुङ र ठकुरीहरूको बाहुल्यता थियो । विसे नगर्चीको पनि राय सल्लाह लिएर एकिकरण अभियानमा लागेका शाहको सबैप्रति उच्च सम्मान थियो ।

राष्ट्रिय सेना निर्माण गरी सेनाको आधुनिकीकरण गर्ने राजा पृथ्वीनारायण आफ्ना छिमेकीहरूसँग सन्तुलित कूटनीति राख्ने सिपालु र अत्यन्तै चलाख राजा थिए । उपत्यका विजय गरेर पनि उनले यहाँको संस्कृति र रहनसहन एवम परम्परा अँगालेर सबैमा एकताको सन्देश प्रवाह गरे । उनले जितेका राज्यहरूमा पनि स्वतन्त्रता अनि प्रसस्त अधिकारहरू दिएर सबैको मन जित्ने प्रयास गरेका थिए । प्रजा मोटा भए दरबार बलियो हुन्छ भन्ने राष्ट्र निर्माताका दिव्योपदेशहरू अत्यन्तै मार्मिक अनि सन्देशमुलक छन् । राज्यलाई बिलो बाँडेसरि बाँड्नु हुन्न भन्ने राजा सुन्दर अखण्डित नेपाललाई मुटुमा राखेर हिँडथे । कुनै पनि जातजातिलाई अपहेलना नगरी देशलाई चार जात छत्तीस वर्णको साझा फुलबारीको उद्घोष गर्ने राजा सदैव स्वदेशी उत्पादनमा जोड दिन्थे र आत्मनिर्भर बन्नुपर्ने कुरामा सबैलाई सचेत बनाउँथे ।



राजा पृथ्वीनारायण शाहले एकीकरण नगरेको भए आज यो देश यो रुपमा रहन्थ्यो होला ? संसारभरि नेपाली मन र नेपालीपन बोकेर आज हामी गर्वले छाती फुलाएर हिँड्न पाउनेथ्यौं होला ? यी सवालहरू हाम्रो मन, मस्तिष्कमा सधैं आउनुपर्छ । पृथ्वीनारायण कुनै पार्टी अनि समुदाय बिशेषका मात्र व्यक्ति होइनन् उनी त राष्ट्र निर्माता हुन् । संसारका सबै राष्ट्रले आफ्ना राष्ट्र निर्मातालाई अत्यन्तै उच्च महत्वका साथ सम्मान गर्छन् । आफ्ना राष्ट्र निर्माताको सम्मानको खातिर राष्ट्रिय एकता दिवसको अवसर पारेर सरकारले सार्वजनिक विदा दिएको छ । यो स्वागतयोग्य काम हो । तर राष्ट्र निर्माता, राष्ट्रिय एकताका प्रतीक पृथ्वीनारायणलाई त्यति सम्मान गरेर पुग्दैन । राजाको फोटोसहितको नोट जारी गर्न अब सरकारले तत्परता देखाउनु पर्छ । पृथ्वी विचार र उनका दिव्योपदेशहरूलाई पनि सरकारले आत्मसात गर्नुपर्छ ।

पृथ्वीनारायण शाहको राष्ट्रिय एकिकरणको अभियानलाई निरन्तरता दिने कमान्डरहरू बहादुर शाह, राजेन्द्र लक्ष्मी, शिवरामसिंह बस्नेत, कालु पाण्डे, वंशिराज पान्डे, केहरसिंह बस्नेत, अभिमानसिंह बस्नेत, दामोदर पान्डे, अमरसिंह थापा, भिमसेन थापालाई पनि जोडेर हेर्नु सान्दर्भिक ठहर्छ । तिनै पृथ्वीनारायण शाहले जगाइदिएको अदम्य साहस अनि राष्ट्रिय स्वाभिमान र राष्ट्रिय अस्तित्वको सवालमा केन्द्रित भएर भिमसेन थापाले धेरै लामो समयसम्म विस्तारवादी अंग्रेजसँग भयङ्कर ठूलो लडाइँ लडे । नेपाली फौजहरूको अत्यन्तै उच्च मनोबल र राष्ट्र भक्तिको कारण वीर गोर्खालीको प्रशंसा गरेर ब्रिटिस साम्राज्य कहिल्यै थाकेन । यिनै राजा पृथ्वीनारायण शाहले जोडिदिएको यस पवित्र भूमिमा बसेर आज हामी संसारसामु शिर उचा बनाएर हिँड्न पाएका छौं । संघीय गणतान्त्रिक नेपालमा पनि यी युगपुरुष, युगद्रष्टा, राष्ट्रिय एकताका प्रतीक पृथ्वीनारायण शाहलाई अत्यन्तै महत्व र गरिमामय रुपमा हेरिनुपर्छ । राष्ट्र निर्मातालाई कुनै वाद, सिद्धान्त र व्यवस्थासँग जोडिनु हुन्नु । त्यसैले आजको सन्दर्भमा पृथ्वीनारायण शाहको महत्व झन् व्यापक भएर गएको छ ।

संघीय गणतन्त्र नेपालमा पनि सदैव मुस्कुराइरहेको त्यो सौम्य, शालीन अनि भव्य र अत्यन्तै प्रान्जल छवि राष्ट्रिय एकताका प्रतीक राजा पृथ्वीनारायण शाह नै हुन् । नेपाल राष्ट्र निर्माता, राष्ट्रिय विभूति, सहश्राब्धीका महानायक, राष्ट्रिय एकताका प्रतिक राजा पृथ्वीनारायण शाहको आज ३०१ औं जन्मजयन्तीको पावन अवसरमा यी महान आत्मालाई म हार्दिक श्रद्धान्जली अनि भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछु ।

# हाम्रो सामाजिक सक्रियता

## गुह्येश्वरी माध्यामिक विद्यालय र सुरेन्द्र ढकाल प्रतिष्ठानबीच सहकार्य

सुरेन्द्र ढकाल

थापाथली कुरिया गाउँका विपन्न वर्गका बालबालिकाहरूलाई प्राथमिक शिक्षा दिने पुनित उद्देश्यले गुह्येश्वरी मावि तत्कालिन अर्थसचिव तथा शिक्षाप्रेमी श्री हिमालय शमशेर राणा, शिक्षिका गौरी राणा जोशी र शिक्षाप्रेमी भक्तदाश श्रेष्ठको पहलकदमीमा वि.सं २००८ सालमा स्थापित भएको थियो ।

जनरल तुंग शमशेर जबराले दान दिनुभएको भवनमा पठनपाठन सुरु गरिएकोमा केही वर्षपछि उहाँले सो दान फिर्ता लिनु भई उहाँकी धर्मपत्नी गुह्येश्वरी राणाको जोडले वि.सं २०१५ सालमा हालको स्थानमा विद्यालय स्थानान्तरण गरी विद्यालयको नाम गुह्येश्वरी नामाकरण गरी पठनपाठन सुरु भएको हो । हाल नेपाल सरकारबाट विद्यालयको नाममा कायम हुन आएको जग्गामा विद्यालयले आफ्नो भवन निर्माण गरी पठनपाठन कार्यलाई सुचारु गर्दै आएको छ ।

यस विद्यालयमा ठूलो संख्यामा अरुको घरमा घरायसी काममा संलग्न २१४ बालबालिका अध्ययनरत छन् । बाल विकास कक्षादेखि दश कक्षासम्मको अध्यापन हुने यस विद्यालयलाई कामदार बालबालिका पढने सरकारी विद्यालयभन्दा फरक पर्दैन । आफू बसेको घरको घरमूलीहरू तिनीहरूले गर्ने काममा निर्भर हुने हुँदा यस्ता बालबालिकाको दैनिक उपस्थिति, गृहकार्य गर्ने समयको अभाव र परीक्षामै पनि सामेल हुन नसक्ने अवस्था आउने कारणहरूले गर्दा उनीहरूले चाहेअनुसारको शैक्षिक विकास गर्न सकेका छैन भन्दा हुन्छ ।

विद्यालयमा बाल विकास कक्षादेखि दश कक्षासम्म गरी २१ जना शिक्षक शिक्षिका र तीनजना कर्मचारी कार्यरत छन् जसमा ३ राहत दरबन्दीअन्तर्गत र एक अस्थायी शिक्षकहरू पर्दछन् । २१ जनामध्ये ६ जना मावि शिक्षक, ६ जना निमावि शिक्षक, ६ जना प्राथमिक शिक्षक र बाल विकास कक्षा र नेपाली भाषा शिक्षक ३ जना रहेका छन् । विद्यालयको आर्थिक अवस्था कमजोर भएको कारण विद्यार्थीलाई खेलकुद सामग्रीको अभाव खट्किरहेको अवस्थामा २०७९ सालदेखि यस विद्यालय र सुरेन्द्र ढकाल प्रतिष्ठानबीच सहकार्य सुरु भएको कारण त्यस प्रतिष्ठानबाट प्राप्त रु एक लाखबाट बालबालिकाको लागि रोटे पिङ र टेबलटेनिस बोर्ड प्राप्त भएपश्चात् विद्यालयको खेलकुद गतिविधिले गति लिएको र विद्यालयप्रतिको आकर्षणमा वृद्धि भएको छ
















कथा

# बौलाहा मास्टर

राजु स्याङ्तान

'माफ गर्नुहोला सर, स्कुलमा तपाईको गतिबिधिका कारण तपाईलाई स्कुलबाट निकाल्न हामी बाध्य भयौं,' अफिस पस्नै लाग्ने बेला स्कुलका प्रधानाध्यापकले उसलाई ढोका मै रोकी बिदाइ पत्र पो थमाई दियो ।

उ केही नबोली फनक्क फर्केर स्कुलको प्राङगन बाट लुरुलुरु बाहिरिदै थियो ।

सर आज के पढ्ने ? माकुरा र झिंगा नपढ्ने ? सर, सर के भयो ? कहाँ जाने तपाई, कहाँ जाने सर बोल्नुस् न सर ? स्कुलका साना साना विद्यार्थीहरूले उसलाई घेरेर सोध्न थाले ।

उसले एक पटक स्कुलका नानीहरूको टाउको सुम्सुम्याए अनि केही नबोली चुपचाप लुरुलुरु बाहिरियो । अलि वर आई पुगेर स्कुललाई अन्तिम पटक हेर्दै भावुक बने उनी ।

आजबाट बौलाहा मास्टर सधैंको लागि बिदा हुने भयो हा हा हा, दुई जना शिक्षकहरू उस कै छेउबाटकुरा गर्दै गए ।

आज बौलाहा मास्टरलाई के भएछ ? छेउ छाउका बटुवाहरूले भनेको नसुने झैं गरी ऊ लुरुलुरु आफ्नो डेरातिर लम्किरह्यो ।

बौलाहा मास्टर । यो उसले बिगत १० वर्षदेखि कमाएको उपनाम हो । उसको खास नाम नै हराउन थाल्यो । सुरु सुरुमा उनको पछाडि कुरा काट्नेहरूले मात्र बौलाहा मास्टर भन्थे । पछि उनकै अगाडि बौलाहा मास्टर भन्न थाले । यतिसम्म कि स्कुलमा कखरा सिक्न आएका साना साना विद्यार्थीहरूले समेत उसलाई बौलाहा मास्टर नै भनेर चिन्न थाले । गाउँदेखि जिल्लासम्म, जिल्लादेखि केन्द्रसम्म बौलाहा मास्टरको चर्चा चल्यो । कति विद्यार्थीहरू आफूलाई बौलाहा मास्टरको शिष्य भनेर सगौरव चिनाउथ्यो भने कति चाहिं उनको नामै लिन हिचकिचाउँथे । चाहेर नचाहेर बौलाहा मास्टरको नाम चर्चाको विषय बन्न पुग्यो । बौलाहा मास्टर बैठकहरूमा बिना एजेण्डा आफ्से आफ घुस्यो । बौलाहा मास्टर कक्टेल पार्टीहरूमा आफ्से आफ विषय बनेर घुस्यो । चिया पसलमा, भट्टी पसलमा, दोवाटोमा, गल्लीहरूमा चर्चाको विषय बन्यो बौलाहा मास्टर । एउटा स्कुल पढाउने मास्टर बौलायो । तर किन सारा दुनियाँलाई खस्खस् ? मानिस बौलाउँछ आफ्नै कारण तर किन जगतलाई टाउको दुखाई ?

बौलाहा मास्टर बिगत १० वर्ष देखि बौलायो र आज बाहुलाएकै कारण स्कुलबाट समेत निस्कासित भयो ।

ऊ सरासर कोठामा पुग्यो । कोठामा सुन्यता थियो । उसका सामानहरू असरल्ल छरिएको देख्यो उसले । जीवनमा मात्र पटक विवाहमा लगाएको जडौरी कोटप्यान्ट भुँइमा लडिरहेको देख्यो । केही थाल बटुकाहरू लडिरहेको देख्यो । स्टोभ माथि रातो किताबका पानाहरू जलेको खरानी देख्यो । चुरा पोतेका मसिना दानाहरू कोठै भरि छरिएको देख्यो उसले । पुरानो ब्लाङकेट कोठाको कुनामा थुप्रिएको देख्यो । ढोका निर ऐना दुई टुक्रा भएर उसैलाई हेरिरहेको थियो । कोठा भताभुङ्ग थियो । भताभुङ्गसँगै रित्तो रित्तो पनि थियो । उसको कोठामा कति नै सामान थियो र, तर त्यो पनि बाँकी देखेन उसले । ऊ भुँईमा थचक्क बस्यो । पुर्पुरोमा हात रार्यो । भित्रैबाट उकुस मुकुस भक्कानो फुटेर आयो । तर रुने भने सकेन ।कुनामा एउटा पत्र फ्याँकिएको देख्यो । बौलाहा मास्टरले उक्त पत्र टिपेर पढ्न थाल्यो ।

मलाई माफ गरिदेऊ । तिम्रो जीवनको साथी बन्न सकिन । तिम्रो सपनाको संसारमा म जिउन सकिन । पाँच पाँच वर्षसम्म मैले साथ दिएँ तिमीलाई । तर अब नसक्ने भएँ । तिमी जस्तो बौलाहा पागलसँग सधैंको लागि आजबाट छुट्टिने निर्णय गरें मैले ।

तिमी यो दुनियाँभन्दा बिपरित छौ । यो समाजको गतिभन्दा उल्टो छ तिम्रो यात्रा । तिमी मलाई मेकअप गर्न दिदैनौं । तिमी भन्छौ मेकअपले नारीलाई खेलौनामा परिणत गर्छ । तिमी मलाई डिस्को जान दिदैनौं ।डिस्कोले मानिसलाई बिगार्छ भन्छौ । तिमी मलाई टि. भी. धेरै नहेर टि.भि.ले मानिसलाई बिखण्डित बनाउछ भन्छौ । तिमी मलाई गाउँको पाखे श्रीमती बनाउन चाहान्छौ । म भुर्र उड्ने पंछी बन्न चाहन्छु । तिमी मलाई गहना त नारीको हतकडी हो भनेर केही पनि किनिदिदैनौ । तिमी स्कुलमा सिंगाने बच्चाहरूलाई क्रान्ति र चेतनाका कुराहरू गरेर दिन बिताउँछौ । तिमी समानता र स्वतन्त्रताको गफ छाँटेर हिड्छौ । रुढीवादी परम्परा भन्दै त्यसको ठाउँमा बैज्ञानिक संस्कृतिको वकालत गरिहिड्छौं । तिमी यो संसार भगवानले होइन मानिसको पौरखी हातहरूले बनाएको हो भनेर हिड्छौं ।

तिमी संसारमा महिला र पुरुष मात्र दुई जाति छ त्यसैलेश्रमको आधारमा भेदभाव गर्नु अपराध हो भनेर हिड्छौं । तिमी स्कुल कलेज र समाजमा भएकोभ्रष्टचारको बिरुद्ध रात दिन डटिरहन्छौ । कोही भोक भोकै मर्ने, कोही मोजमस्तिको जिन्दगी बाँच्ने चलनको अन्त्य हुनु पर्छ भन्दै हिड्छौ । तिमी कही नभएको स्वाभिमानी



स्वावलम्वि नेपाली वीर बनेर पाखे ढाका टोपि र दौला सुरुवाल लगाएर हिड्छौ । सडकमा हिंड्दा भोट माग्ने नेताले झैं नमस्कार गर्दै हाँस्दै हिड्छौ । तिम्रो साथी सुकुम्बासी टोलकाहरूभन्दा को छ आज? तिमी सँगैका मास्टरहरूले के के प्रगति गरिसके । तिमी स्वाभिमानको नफस्टाउने खेती गरेर रात दिन हिड्छौ ।

बदलामा के पायौ तिमीले ? स्वाभिमानले तिम्रो पेट भरियो ? आखिर तिमीले के पायौ ? यही रित्तो चुल्हो र भोको पेट होइन ? समाजले तिमीलाई के दियो उपहार ? यही पागलको उपमा होइन ? कस्ता कस्ता नेताहरूलाई मतलब छैन । तिमीलाई देशको चिन्ता ? आफ्नो पेटको जोहो गर्न नसक्नेले के देशको चिन्ता गर्छौ?सारा गाउलेले मलाई खिसि गर्छ । बौलाहा मास्टरको श्रीमती भनेर गिल्ला गर्छ । के छ नानी, तिम्रो बुढाको स्वाभिमान कहिले पाक्छ ? मलाई पनि बोलाउ है भनेर दोबाटोमा बसी जोकर बनाउछ । मैले तिमीलाई जुन सपनाले रोजेको थिएँ त्यो मेरो ठूलो भुल भएछ । मैले आजै बिहान पँधेरोमा सुनें । स्कुलमा भएको भ्रष्टचारको बारेमा तिमीले पत्रिकामा छापेको निउमा तिमीलाई स्कुलबाट निकाल्दै छ रे ।तिमी आफ्नो जीवन आफ्नै तरिकाले बिताउ । तिमीसँग अब म एक छिन पनिबस्न सक्दिन । अल बिदा ...

पत्र पढिसकेर ऊ मुसुक्क हाँस्यो । असरल्ल छरिएको सामानहरू हेर्यो । उसकोछाती भित्रैबाट अव्यक्त पीडाहरू मडारिदै आयो । भुँईमा फुटेको ऐना उठाई आफैलाई हेर्यो अनि बेस्सरी रोयो ।रुँदा रुँदै रातो किताबका मसिना अक्षरहरू सम्झ्यो उसले । स्कुलका साना साना नानीहरूलाई सम्झ्यो । अनि सम्झ्यो उसले भोलिको सुन्दर संसार । आफैसँग सम्हालियो ऊ । डढेर आदि भएको स्टोभ माथिको रातो किताव सम्हाल्न थाल्यो । रातो किताव आदि डढेर खरानी भइसकेको थियो । उसले जवरजस्ती कितावका पन्नाहरूलाई जोड्न खोज्यो । तर अक्षरहरू खरानीबाट उठ्न सकेनन् । जुन अक्षरलाई सकैले जलाइसकेको थियो । एक्कासि सडकतिर एम्बुलेन्सको आवाज जोड जोडले बज्न थाल्यो । आवाज उनको कोठा नजिकै आएर रोकियो अनि ढोका ढक् ढक् ढक् ढक् गर्यो । उसलेसम्हालिदै ढोका खोल्यो । ढोकामा चार पाँच जना सेतो पोषक लगाएकाहरू देख्यो । "बौलाहा मास्टर तपाई नै हो ? एक जना सेतो पोषकधारीले उसको कठालो समाउँदै सोध्यो । "हजुर मै हुँ, तर तपाईहरू को हो ? किन आउनु भएको ? मलाई केही पनि भएको छैन, मलाई छोडी दिनुस्, म बौहाला होइन, म पागल होइन । उसको कुरा कसैले सुनेनन् र उसलाई जवरजस्ती एम्बुलेन्समा राखियो अनि लगियो मानसिक अस्पतालतिर ।

अँध्यारो कोठामा बिजुलीको तिखो झिल्का देख्यो उसले एक पटक । अर्को पटक तातो र रातो दुखाई अनि भयङ्कर ठुलो चिच्याहटसँगै उसँग बाँकिरहेन अब कुनै स्मरण शक्ति । आँखा खोल्दा उसलाई रिङटा लाग्यो । टाउको बेस्सरी दुख्यो । आकाश जमिनतिर जमिन आकाशतिर देख्यो उसले । ऊ अगाडिको प्रत्येक दृष्यले उसलाई जिस्क्याइरहे झैं लाग्यो । उसले देखेका प्रत्येक बस्तु उसलाई हेरेर हाँसे झै लाग्यो । उसलाई पनि हाँसु हाँसु लाग्यो । उसले देख्यो ऊ अगाडिको पर्खाल उसलाई हेरेर हाँसिरहेको छ । पर्खाल देखेर ऊ पनि हाँस्यो । उसलाई देखेर आकाश जमिन सबै हाँस्न थाल्यो । ऊ पनि सँगसँगै हाँस्न थाल्यो । सेतो पोषक लगाएको मान्छेले कतै फोन गरेर भन्यो "बौलाहा मास्टर अब सद्दे भो साप् कुनै समस्या छैन ।

सेतो पोषक धारीले उसलाई मानसिक अस्पतालबाट बाहिर निकालेर सडकमा छाडिदियो । उसले देख्यो, सडक पनि हाँसिरहेको छ । सडकमा गुड्ने गाडी पनि हाँसिरहेको छ । हिजो उसलाई पागल भन्ने वरपरकारमितेहरू पनि हाँसिरहेका छन् । रमितेको भीडलाई हेर्दै ऊ पनिमुर्छा परि परि हाँस्दै सडक नै सडक हिंडिरह्यो । सडक वरपरका रमितेहरू ऊ सुधृएकोमा हाँसिरह्यो । तर सडकको पल्लो किनारमा कलिला विद्यार्थीहरू र उसका सुकुम्बासी साथीहरू मानसिक अस्पतालतिर फर्किएर गगनभेदी नारा लगाइरहेका थिए, "बौलाहा मास्टर जिन्दावाद ! सद्दे समाज मुर्दावाद ! !

# हिमपात र वर्षा हुने

काठमाडौं । पश्चिमी न्यूनचापीय प्रणालीको प्रभावले देशको सुदूरपश्चिम, कर्णाली र गण्डकी प्रदेशमा आंशिकदेखि सामान्य बदली रही केही स्थानमा हल्का हिमपात हुने भएको छ ।

जल तथा मौसम विज्ञान विभागका अनुसार सो प्रणालीको प्रभावले सुदूरपश्चिम, कर्णाली र गण्डकी प्रदेशमा आंशिकदेखि सामान्य बदली तथा बाँकी भू-भागमा मौसम सामान्यतया सफा रहनेछ । सुदूरपश्चिम र कर्णाली प्रदेशका उच्च पहाडी तथा हिमाली भू-भागका थोरै स्थानहरूमा हल्का हिमपातको सम्भावना समेत छ ।

विभागले आगामी २४ घण्टा देशको उच्च पहाडी तथा हिमाली भू-भागका थोरै स्थानमा हल्का हिमपातको सम्भावना रहेको तथा तराईका केही भू-भागमा बाक्लो हुस्सु-कुहिरो लागेर दैनिक जनजीवन, स्वास्थ्य, सडक तथा हवाई यातायातमा समेत प्रभाव पर्ने सम्भावना रहेकाले आवश्यक सावधानी तथा सतर्कता अपनाउन अनुरोध गरेको छ ।

हाल पहाडी भू-भागमा आंशिक बदली रही मधेस प्रदेश र लुम्बिनी प्रदेशका तराईका भू-भागमा हुस्सु-कुहिरो लागेको छ । महाशाखाको पछिल्लो विवरणानुसार आज काठमाडौं उपत्यकाको न्यूनतम तापक्रम चार दशमलव शून्य डिग्री र अधिकमत तापक्रम १९ दशमलव चार डिग्री सेल्सियस रहेको छ ।

त्यस्तै आज सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम माइनस तीन दशमलव आठ डिग्री सेल्सियस र सबैभन्दा बढी विराटनगरको अधिकतम तापक्रम २४ दशमलव दुई डिग्री सेल्सियस रहेको छ ।

यसैबीच सप्तरीमा चिसोले कठ्याग्रिएर मृत्यु हुनेको संख्या दुई पुगेको छ । सप्तरीको अग्निसाइर कृष्णासवरन गाउँपालिका वडा नम्बर ४ बेल्हामा सोमबार चिसोले कठ्यांग्रिएर एक जनाको मृत्यु भएपछि यस वर्ष अहिलेसम्म चिसोले कठ्याग्रिएर मृत्यु हुनेको संख्या दुई पुगेको हो । मृत्यु हुनेमा स्थानीय अन्दाजी ६५ वर्षीय कपलेश्वर सदा रहेका छन् ।

बिगत केही दिन यता तराईमा बढेको अत्यधिक चिसोको कारण अस्वस्थ रहेको सदाको सोमबार साँझ ७ बजे कठयांग्रिएर मृत्यु भएको स्थानीय बताएका छन् । चिसोका कारण बिरामी परेका सदा महुली उपचार गरि घर फर्केर घरैमा सुतेको अवस्थामा ज्यान गएको स्थानीय ललकु सदाले जानकारी दिए ।

मृतक परिवारलाई खान लगाउनसमेत समस्या हुँदै आएको थियो । कपडाको अभावमा उनको कठयांग्रिएर मृत्यु भएको उनले बताए । बिगत केही समय यता सप्तरीसहित तराईका जिल्लाहरूमा बढेको अत्यधिक चिसोका कारणले यहाँको जनजीवन निकै कष्टकर भएको स्थानीय विजय देवले जानकारी दिए । चिसो बढेपछि जिल्लाका अधिकाश पालिकाहरूले केही दिनको लागि सामुदायिक तथा संस्थागत विद्यालयसमेत बन्द गरेका छन् । जिल्ला प्रशासन कार्यालय सप्तरीले चोक तथा सार्वजनिक स्थानमा दाउरा उपलब्ध गराई आगो ताप्ने व्यवस्था मिलाएको छ । यसअघि सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका वडा नम्बर ४ का ४५ वर्षिय देवु सदाको चिसोले कठ्याग्रिएर मृत्यु भएको थियो ।

# यातायात कार्यालय प्रमुखलाई कडा कारबाही

काठमाडौं । सवारीचालक अनुमतिपत्र (लाइसेन्स) परीक्षाको नतिजा फेरबदल तथा राजस्व चुहावट मुद्दामा विशेष अदालतले यातायात कार्यालय, एकान्तकुनाका सवारीचालक अनुमतिपत्र कार्यालयका तत्कालीन प्रमुख आनन्दकेशरी पोखरेललाई आठ महिना कैद र नौ हजार जरिवानाको फैसला सुनाएको छ। उनले लाइसेन्सको ट्रायलमा फेल भएका तथा अनुपस्थित रहेकाहरूलाई पास गराएको, फेल भएको तीन महिना नपुग्दै पुनः ट्रायलमा समावेश गराएको तथा नयाँ लाइसेन्स बाँड्दा सरकारी राजस्व रकम नलिएको अभियोग लगाउँदै अख्तियारले तीन वर्षअघि मुद्दा चलाएको थियो। उनीसहित ३८ आरोपीमध्ये सातजनालाई दोषी ठहर गर्दै अदालतले ३१ जनालाई भने सफाइ दिएको छ।

विशेषका प्रवक्ता दीपेन्द्रनाथ योगीका अनुसार राजस्व चुहावट मुद्दामा पोखरेललाई दोषी ठहर गरिएको हो। त्यस्तै, ट्राफिक प्रहरीका डिएसपी नवराज थापा र इन्स्पेक्टर मुरारी मिश्रलाई ६ महिना कैद र आठ हजार रुपैयाँ जरिवानाको सजाय सुनाइएको छ। अवकाश पाइसकेका इन्जिनियर वासुदेव पोखरेललाई पनि सोही सजाय सुनाइएको विशेषले जनाएको छ। अर्का अवकाशप्राप्त शाखा अधिकृत राममणि पोखरेलका साथै शाखा अधिकृतहरू शम्भुप्रसाद थपलिया र ईश्वरराज रेग्मीलाई चार-चार महिना कैद र जनही ६ हजार रुपैयाँ जरिवाना हुने फैसला भएको छ। राजस्व चुहावट गरी राज्यलाई नोक्सान पुर्‍याएको तथा भ्रष्टाचार गरेको भन्दै सबैविरुद्ध विशेषमा ८ मंसिर ०७६ मा मुद्दा दायर भएको थियो।

कार्यालय प्रमुख पोखरेलले आठ लाख ५९ हजार रुपैयाँ भ्रष्टाचार गरेको अख्तियारको अनुसन्धानले देखाएको थियो। ०६९ वैशाखदेखि असारसम्म ट्रायलमा फेल भएका एक हजार दुई सयजनाको नतिजामा फेरबदल गरिएको थियो। नयाँ लाइसेन्स लिनेहरूको अभिलेख नष्ट गरेको, परीक्षा समितिले फेल भनेर निर्णय गरेकालाई पनि पास देखाई लाइसेन्स वितरण गरेको, उपस्थित नै नभएकाको नाममा पनि लाइसेन्स जारी गरेकोजस्ता अभियोग अख्तियारको थियो।

विशेष अदालतका अध्यक्ष श्रीकान्त पौडेल तथा सदस्यद्वय यमुना भट्टराई र खुसीप्रसाद थारूको इजलासले यो मुद्दाका साथै परीक्षाको परिणाम फेरबदल गरेको मुद्दाको सुनुवाइ एकसाथ थालेका थिए। १८ पुसदेखि हेर्दाहेर्दैमा रहेका दुई मुद्दामध्ये एउटामा ठहर र अर्कोमा आंशिक ठहरको फैसला भएको हो। परीक्षाको परिणाम फेरबदल गरेको आरोपमा पनि कार्यालय प्रमुख पोखरेल दोषी ठहर भएका छन्। उनलाई यस आरोपमा ६ महिना कैद र सात हजार रुपैयाँ जरिवाना तोकिएको छ।

त्यस्तै, परीक्षाको परिणाममा फेरबदल गरेको कसुर ठहर गर्दै तत्कालीन पश्चिम क्षेत्रीय ट्राफिक प्रहरी कार्यालय रुपन्देहीका प्रहरी निरीक्षक रवीन्द्र श्रेष्ठलाई पाँच महिना कैद र ६ हजार रुपैयाँ जरिवानाको सजाय भएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले यो मुद्दा ११ पुस ०७६ मा दर्ता गराएको थियो। यातायात व्यवस्था कार्यालय बुटवलमा परीक्षाको परिणाममा फेरबदल गरी पोखरेल र श्रेष्ठले मिलेमतोमा ७१ जनालाई उत्तीर्ण गराएको र लाइसेन्स दिएको आरोप थियो।

# अमृत झार अर्थात् सिस्नु

कुनै बेला गाउँघरमा दुई छाक खानाको जोहो गर्न नसक्नेहरूले समेत तुच्छ खानाको रूपमा लिने गरेको सिस्नो अहिले शहरका ठूला-ठूला डिपार्टमेण्ट स्टोर, तारे होटल, रेष्टुँराहरूमा महँङ्गो खानाको परिकारमध्येमा पर्न थालेको छ ।

सिस्नो पछिल्लो समयमा सिस्नोको महत्वलाई बुझेर यसको कारोबारमा ओइरिने सङ्घसंस्थाहरूको पनि लर्को लागेको छ।



त्यसमा गाउँघरमा विभिन्न आमा समुह, सहकारीहरूले सिस्नोको प्रशोधनमा जुटेका छन् भने शहरमा दर्जनौं सङ्घरसंस्था र कम्पनीहरूले विभिन्न ब्राण्डबाट सिस्नोको कारोबार गरिरहेका छन् ।

खेती गर्न र स्याहारसुसार गर्न नपर्ने जंगल, भीर र पाखामा त्यत्तिकै खेर गइरहेको सिस्नोबाट बनेको धुलो राम्रो मूल्यमा बिक्री हुनका साथै विदेश समेत निर्यात हुन थालेपछि सिस्नो उत्पादन र प्रशोधनमा लागेकाहरू पनि हौसिन थालेका छन् ।

सिस्नोको धुलोलाई दाल, ढिंडो, सुपको रूपमा बनाएर खाने गरिन्छ भने हरियो सिस्नोको मुन्टा तरकारीको रूपमा खानेहरूको सङ्ख्या बढ्दो छ। सिस्नो पोषिलो हुनुका साथै शरीरको रोग प्रतिरोधात्मक क्षमता बृद्धि गर्ने भएकाले पनि यसको माग बढेको छ ।

मुलुकमा चुलिंदै गएको व्यापार घाटालाई कम गर्न र अर्थतन्त्रलाई माथि उठाउन धेरै ठूलो कायापलट गर्नुपर्दैन । केबल जहाँ जे उत्पादन भइरहेको छ, जहाँ जुन स्थानमा जे कुराको सम्भावना हुन्छ त्यसलाई बुझेर आवश्यक व्यवस्थापन गर्न सके धेरै हुन्छ । सिस्नोको झार मुलुकका पहाडी क्षेत्रमा जहिंतहीं पाइन्छ ।

गाउँघरमा पाइने सिस्नालाई गाईवस्तुको लागि खोले वा गरिबहरूले दाल र सागको रुपमा प्रयोग गरिरहेको पाइन्छ । खाद्यान्नको अभावमा प्रकृतिले दिएको सिस्नोको प्रयोग भएको पाइन्छ । तर पछिल्लो समय सिस्नो औषधि सावित भएपछि यसको माग विदेशमा निकै महँगो दरमा भएको पाइन्छ । धनीहरूले यसलाई बढी प्रयोग गरिरहेका छन् ।

सिस्नोलाई गुणस्तरीय औषधिय गुणलाई स्वदेशी बजार चिनाउनमात्रै सकियो भने यसको उपयोगिता बढेर आर्थिक क्रियाकलाप बढ्छ । यसको विदेशमा हुने माग बमोजिम निकासी गर्न सक्यौ भने नेपालले अहिले झेल्दै आएको व्यापारघाटाबाट बनेको घाउलाई मल्हम लगाउन सकिन्छ ।

हामी कहाँ अथाह मात्रामा विभिन्न फाईदाजनक बहुमूल्य जडिबुटीको सम्भावना रहेको छ । तर त्यसको पहिचान हुन नसक्नु अहिलेको विडमम्बनाको रुपमा लिनुपर्छ । सजिलै पाइने देशको जुनसुकै ठाउँमा उत्पादन गर्न सकिने सिस्नोलाई विभिन्न तरिकाबाट प्रयोग गर्न सकियो भनेमात्रै पनि यसैबाट देशमा निकै नै धन कमाउन सकिन्छ ।

सिस्नो जहाँ कही पनि पाइन्छ तर त्यसलाई अहिलेको अवस्थामा पनि गाईवस्तुको खोलेको रुपमा प्रयोग भईरहेको हामीले पाएका छौं । अमेरिका, बेलायतजस्ता देशमा सुप, तरकारी, चिया, जुस, औषधि आदि विभिन्न रूपमा सिस्नुको पात तथा जराको प्रयोग गर्दै आइएको छ । यसका साथै सिस्नोको प्रयोगबाट अन्य फाइदा पनि प्राप्त गर्न सकिन्छ ।

सिस्नोको नाम सुन्नासाथ हामी हरियो पात भएको काँडे घाँसलाई सम्झिन्छौं । सिस्नोसँग परिचित भएकाले त अझै यसलाई पोल्ने घाँसका रुपमा चिन्दछन् । हालैको एउटा अनुसन्धानले गाउँघरमा पाइने सिस्नु मानव स्वास्थ्यका लागि मात्रै नभई जीवजन्तुको लागि पनि बहुउपयोगी रहेको देखाएको छ । सिस्नोको मुन्टालाई दानाका रूपमा खुवाएको कुखुराले तुलनात्मक रूपमा धेरै अण्डा पार्ने, मासु स्वादिलो हुने र अण्डासमेत गुणस्तरीय हुने देखिएको छ ।

साथै सिस्नोबाट तयार पारेको दाना खाएको कुखुराले साधारण दाना खाएको कुखुराले भन्दा दोब्बर बढी अण्डा दिने गरेको पनि अनुसन्धानबाट खुलेको छ । सिस्नो खुवाएको बंगुरको तौल नखुवाएको भन्दा धेरै भएको र मासुसमेत स्वस्थ्य रहेको पाइएको छ ।

त्यसैगरी सिस्नुलाई दानाको रूपमा खुवाइएको गाईको दूधको परिणाम र दूधमा चिल्लो पदार्थको मात्रसमेत उल्लेख्य बृद्धि हुने गरेको अनुसन्धानले प्रमाणित गरेको छ । सिस्नु खाँदा हाडजोर्नीलगायतका शरीरका विभिन्न रोगको निदान हुने विश्वास गरिन्छ ।

### सिस्नोमा के के पाइन्छ ?

रायोको सागमा ३ सय ५० आई.यू.भिटामिन मात्रै पाइन्छ भने सिस्नोमा १२ सय आई. यू. भिटामिन ए, र भिटामिन सी अत्यधिक रुपमा पाइन्छ । तस्तै आइरन, फमिक एसिडलगायतका अन्य तत्वहरू पनि यसमा पाइन्छन् । भिटामिन पाइने अन्य तत्वहरू भन्दा सिस्नोमा सबभन्दा बढी भिटामिन हुन्छ ।

सिस्नोको नियमित प्रयोगबाट किड्नीको समस्या, पिसाब पोल्ने, दम, बाथ रोग, डाइटब्यालेन्सलगायत रगत उत्पादन गर्ने, रगतमा हेमोग्लोबिनको मात्रा बढाउने काम गर्छ । यसका साथै सिस्नोको मेहन्दी बनाएर कपालमा लगाउँदा कपाल झर्नबाट रोक्छ भने कपालको चाँया पनि हटाउँछ ।

महिनावारी अनियमीत हुने ग्यास्ट्रिक, स्त्रीरोग, बाथ, खाना नरुच्ने, मधुमेह, उच्च रक्तचाप, सुगर, जण्डिस, प्यारालाइसिस, पथरी, ग्यास्टिक, बाथ, अल्सर, कब्जियत, पायल्स, मधुमेह, जुका, युरिक एसिड, मुत्ररोगी, रक्तअल्पता, नपुसंकता, बाझोपन भएका बिरामीलाई उपयोगी मानिन्छ ।

त्यसैगरी पुरुषको शुक्रकिट उत्पादन, भाँचिएको र मर्केको हाडहरूलाई जोडन, आँखालाई तेजिलो र अनुहारलाई चम्किलो, शरिरलाई फुर्तिलो, छरितो र आकर्षक बनाउन, ढाँड दुख्ने, घुँडा र जोर्नी दुखेको, झस्को पसेको, सर्को पसि सोला हान्ने जस्ता रोग निको पार्न सिस्नोको पाउडर प्रयोग हुने गरेको छ ।

यसलाई झोल बनाएर खाना सँगै प्रयोग गर्न पनि सकिन्छ र उमालेर खान सकिन्छ । यसमा हुने रौ जस्तो झुसमा हुने फर्मिक अम्लले पोल्ने र हिस्टामाइनले सुन्निने भएकोले पीडादायक हुन्छ तर पानीमा उमालेपछि ती तत्वहरू नास भएर जान्छन् ।

यसको सोहि दुर्गुणको कारण पहिले पहिले यातना दिन तथा सजाय दिन यसको प्रयोग गरिन्थ्यो । यसमा हुने भिटामिन ए, भिटामिन सी, भिटामिन डी लौहतत्व, पोटासियम, म्यागानिज, क्याल्सियम जस्ता पौष्टिक पदार्थको कारण उत्तरी तथा पूर्वी युरोपमा यसको झोल लामो समयदेखि प्रचलित रहेको छ। यसमा २५५ सम्म प्रोटिन हुन्छ त्यसैले यो शाकाहरीहरूको लागि अति उत्तम भोजन हो ।

### सिस्नोको प्रयोग गर्ने विधि

१० ग्राम सिस्नोको धुलोलाई २ सय मिलिलिटर तातो पानीमा मिसाएर रातभरि भिजाएर छोडिदिने र बिहान खाली पेटमा खाने । यसरी नियमित रुपमा प्रयोग गर्दा छोटो समयमै यसबाट फाईदा लिन सकिन्छ ।

मानिस स्वस्थ रहनका लागि पनि भित्री पेटको सफाई अनिवार्य हुन्छ यसको लागि सिस्नो भन्दा उत्तम विकल्प अरु केही हुन सक्दैन । शरिरका भित्री अंगहरूको सफाइ गर्ने उपाय सजिलो छ । तर हामी कतिले थाहा पाएर पनि त्यो उपाय प्रयोग गरेका छैनौं ।

शरिरका बाहिरी अंगको सफाइका लागि पानी, श्याम्पु र साबुनले नुहाए जस्तै भित्री अंगको सफाइका लागि सिस्नु खानु पर्ने वैज्ञानिकहरूले बताएका छन्न् । हामीले हप्तामा एक पटक पानीले नुहाए जस्तै गरी नियमित रुपमा हप्तामा एकपटक सिस्नु खाने गर्‍यौं भने शरिरका भित्री अंग पनि सफा हुने नेपालका कृषि बैज्ञानिकहरूले पत्ता लगाएका छन् ।

हप्ताको एकपटक सिस्नु खानाले पेटमा रहेका सबै बिकार दिसाको माध्यमबाट बाहिर जाने तथा दिसाको थैलो सफा हुने कृषि बिज्ञहरू बताउछन् । हप्तामा एकपटक सिस्नु खाने मान्छेसँग जुनसुकै प्रकारका रोगहरूसँग लड्ने क्षमता पनि बढी हुन्छ । सामान्यतया यस्ता मान्छेलाई कुनै पनि रोगले छुँदैन ।

बहुगुण भएको यो सिस्नो हाम्रो पहाडी क्षेत्रका गाँउ घरका वारीका कान्लामा पाईने हुँदा घरमा यसलाई सागको रुपमा पनि प्रयोग गर्न सकिन्छ । हामीले खाने सागहरू मध्ये सिस्नु पनि एक उत्कृष्ट सागमा पर्छ ।

यस्ता अमूल्य जडीवुटीहरू हाम्रौ घर आंगनमा भएता पनि यसको प्रयोग कसरी र केमा आउछ भन्ने थाहा नहुँदा हामी यस्ता खालका जडीवुटीलाई काटेर त्यसै नष्ट गर्ने र घर पालुवा चौपायको लागी खोले, सोत्तर, घाँस जस्ता कार्यमा प्रयोग गरी रहेका छौं । हाम्रो देश कृषि प्राधन देश भएको हुनाले यहाँ मध्यम वर्गका मानिसहरूको धेरै बसोबास छ र गरिबीको रेखामुनी पर्ने मानीस जो अस्पतालको पहुँच भन्दा धेरै टाढा रहेको छन् ।

यस्ता खालका मानीसहरूलाई यी बहुआयमिक खालका गाँउघरमै पाईने जडीबुटीका बारेमा चेतना दिन सके औषधी नपाएर अकालमा ज्यान गुमाउन बाध्य मानिसको संख्या कम गर्न सकिन्थ्यो ।

त्यस्तै जागिर नपाएर विदेशीएका जनशक्तिलाई हाम्रा गाँउघरका जडीवुटीको सदुपयोग बारेमा बुझाउन सके यस्ता बहुआयमिक जडीबुटीको खेती गरी आयआर्जनको राम्रो स्रोत हुने र यसरी विदेशीने जनशक्तिलाई कम गर्न मद्दत पुग्दथ्यो ।

नेपाल विकास उन्मुख राष्ट्र भएको हुँदा देशमा पाइने जडीबुटी संकलन गरी प्रशोधन गरि औषधिको रुपमा विदेश पैठारी गर्न सके राष्ट्रले राम्रो आम्दानी गर्न सक्थ्यो र रेमिट्यास र वैदेशिक सहयोगको भर पर्नुपर्ने बाध्यता अन्त्य हुने थियो । *न्यूजएग्रोबाट साभार*

# राजकुमार ह्यारीको "स्पेयर" ले मच्चायो तहल्का



विष्णु भट्टराई

नयाँ वर्षको हर्ष र उल्लासमा विश्व समुदाय झुमिरहेका बेला बेलायती राजपरिवारमा भने निकै सन्नाटा छाएको छ। राजकुमार ह्यारीको सार्वजनिक हुन लागेको पुस्तक 'स्पेयर' ले दरबारभित्रका नखुलेका पाटाको खुलासा गरेका खबरले अन्तर्राष्ट्रिय सञ्चारमाध्यमका हेडलाइन भरिएका छन्। तर दरबार भने यसबारे प्रतिक्रियाविहीन देखिएको छ।

मंगलबार सार्वजनिक भएको पुस्तकको प्रतीक्षा कतिसम्म छ भने विश्वबजारमा एकैपटक आएको माग धान्न कठिन भएको वितरकहरूले प्रतिक्रिया दिन थालेका छन्। भनौं, वर्षौंपछि पूरै संसारले कुनै पुस्तक बजारमा आउने दिनलाई यति अधैर्य भएर पर्खिरहेको छ। यसअघि पुस्तक बिक्रीको दुनियाँमा तहल्का मच्चाएको जेके रोलिङको तिलस्मी पात्र ह्यारी पोर्टरका शृंखलाले पाठकलाई यस्तै कुतकुती लगाउँथे। पुस्तक बजारमा आउनुअघि नै प्रकाशकलाई लाखौंको संख्यामा अग्रिम खरिदका प्रस्तावहरू आउँथे। अहिले राजकुमार ह्यारीको पुस्तक स्पेयरले त्यसलाई माथ गरिदिएको छ। विशुद्ध स्वैरकाल्पनिक कथाकुथुंग्रीले जेलिएको ह्यारी पोर्टर र सनसनीपूर्ण खुलासाले भरिएको राजकुमार ह्यारीको जीवनी पढ्ने पर्खाइले ल्याएको हुटहुटीबीच आकाशजमिनको फरक छ। ह्यारी पोर्टरले कल्पनाको तिलस्मी संसारमा रमाउने पाठकलाई तताएको थियो भने राजकुमारको पुस्तकले बकिङ्घम दरबारका अग्ला पर्खालहरूभित्रको गुप्त रहस्य जान्ने लोभले मानिसलाई व्यग्र पारिदिएको छ।

स्पेयर एकै पटक १६ भाषामा आउन लागेको छ, जसको अंग्रेजी संस्करणको मूल्य ८२ पाउन्ड (१३ हजार ११८ रुपैयाँ) पर्छ। पुस्तक महँगो भए पनि बिक्रेताहरूले चाहेजति संख्यामा पाउन सकिरहेका छैनन्। आखिर पुस्तकमा त्यस्तो के छ? जे पढ्नका लागि मानिसहरू यतिबिघ्न आतुर छन्? पुस्तकभित्रका सामग्रीबारे टिप्पणी गर्ने अन्तर्राष्ट्रिय सञ्चारमाध्यमका अनुसार ह्यारीको आत्मकथामा बेलायती राजपरिवारभित्रको आपसी घृणा, स्वार्थ र वैमनस्यताका अचम्म लाग्दा किस्सा छन्।

ह्यारीलाई सिंहासनको उत्तराधिकारी उनका दाजु विलियमले सन् २०१९ दरबारभित्रै पिटेको सनसनीखेज खुलासा पुस्तकको सामग्रीलाई सबभन्दा पहिले बेलायती अखबार गार्जियनले सार्वजनिक गरेको थियो।

ह्यारीका अनुसार विवाद बढ्दै गएपछि विलियमले उनलाई कठालामा समातेर भुइँमा पछारिदिएका थिए भने उनकी पत्नी मेघनलाई 'अप्ठ्यारी, अशिष्ट, खस्री' आइमाई भनेर गालीगलौज गरेका थिए।

प्रकाशक पेन्गुइन र्‍यान्डम हाउसले लामो तयारी र ठूलो व्यापारिक चाखका साथ सावधानीपूर्वक सार्वजनिक गर्न लागेको पुस्तकमा अरू पनि निकै चाखलाग्दा विवरण छन्। जनवरी १० अगाडि कुनै पनि हालतमा बजारमा उपलब्ध नगराउने प्रकाशक संस्थाको 'कडा सावधानी' का बाबजुद गार्जियनले एक प्रति हात पारेपछि छापिएको समाचारले एकाएक ह्यारीको जीवनकथाबारे विश्वव्यापी चासो तानेको हो। प्रकाशककै स्पष्टीकरणलाई पत्याउने हो भने स्पेनमा केही दिनयता जनवरी १० भन्दाअघि नै 'भूलवश बिक्री नै हुन थालेको' पुस्तक विश्वका अरू सञ्चारमाध्यमले रातारात उठाएर यसबारे अहिले एक सय एक सनसनीखेज समाचार बनाउन थालेका छन्।

पुस्तकको शीर्षक स्पेयर अर्थात् जगेडा बेलायती राजपरिवारको रिवाजसँग जोडिएर राखिएको छ। राजाको जेठो छोरा राज्यको हकदार हुने तर अरू छोराले चाहिँ केही नपाउने चलन छ। कथाचित जेठोको मृत्यु भएमा वा उत्तराधिकारीको क्रमबाट झिकिन पुगेमा उसपछिको भाइले राज्य पाउँछ। राजा बन्न पाउँला कि भन्ने थोरै आस र पाउँदिन भन्ने ठूलो विश्वासले ऊ अनेक द्वन्द्वबाट गुज्रन्छ र नानाभाँती काम गर्न पुग्छ। ह्यारीको पुस्तक पढ्दा उनी पनि त्यही भुमरीबाट गुज्रन पुगेको प्रतीत हुने विश्लेषकहरूको दाबी छ।

१९८४ को सेप्टेम्बर १५ मा जन्मेका ह्यारी बेलायतका राजा चार्ल्स र उनकी पहिलो पत्नी डायनाका दोस्रो सन्तान् हुन्। अमेरिकी अभिनेत्री मेघन मार्कलसँग विवाह गर्नुअघि उनी ससेक्सको ड्युक थिए। अश्वेत युवती मेघनसँगको विवाहलाई दरबारको अभिजात्यपूर्ण रिवाजले कहिल्यै मन पराएन।











परिवारभित्रै बाहिरियाजस्तो हुन पुगेपछि दुई सन्तान आर्ची र लिलिबेट माउन्टबेटन-विन्डसरका साथ तीन वर्षअघि ह्यारी दम्पतीले शाही परिवारको वरिष्ठ सदस्यको पद त्याग गरेर समाचारका हेडलाइन तताएका थिए। मेघनको जन्मस्थान दक्षिणी क्यालिफोर्नियामा सामान्य जीवन बिताउन पुगेका उनले गुजारा चलाउन प्रकाशकसँग ठूलो रकम लिएर आफ्नो अतितलाई पुस्तकका रूपमा ल्याउन मञ्जुरीनामा दिएका थिए।

पत्नी मेघनसँगै उनी मार्च २०२१ मा अमेरिकी टेलिभिजन प्रस्तोता ओप्रा विन्फ्रेसँगको बहुप्रचारित अन्तर्वार्ताका लागि पनि बसेका थिए। गुजाराकै लागि ह्यारीले विन्फ्रेसँग मिलेर मानसिक स्वास्थ्यसँग सम्बन्धित वृत्तचित्र शृंखला 'द मी यु कान्ट सी' पनि निर्माण गरे। त्यसपछि उनले आफूमाथि बनेको वृत्तचित्र 'ह्यारी एन्ड मेघन' का लागि पनि समय दिए।

युवराज विलियमसँगै लन्डनको केन्सिङ्टन बरबार र ग्लुसेस्टरसायरको हाइग्रोभ भवनमा हुर्केका ह्यारीको बाल्यकाल बाबुआमाका साथ भएका औपचारिक भ्रमणहरूसँग पनि जोडिन्छ। उनकी आमा डायना आफ्ना छोराहरूले फराकिलो दायराको जीवन पाऊन् भन्ने चाहन्थिन्। त्यसैले जहाँ जाँदा पनि दुवैलाई सँगै लैजाने उनको प्रयत्न हुन्थ्यो। त्यसै हुनाले अघिल्लो पुस्ताको शाही बच्चाहरूको तुलनामा ह्यारी र विलियमले सामान्य जीवनको राम्रो सुझबुझ पाएका थिए। सन् १९९६ मा बाबुआमाको सम्बन्धविच्छेद भएपछि १२ वर्षका ह्यारी अलिक एक्लाजस्ता हुन पुगे। अर्को वर्ष पेरिसमा कार दुर्घटनामा उनकी आमाको मृत्यु भएपछि त उनलाई त्यसले निकै व्यथित तुल्यायो।

स्कुले जीवनपछि ह्यारीले घुमघाम र कामकाजी अनुभव बटुलेर बिताए। उनले सन् २००५ मा रोयल मिलिटरी एकेडेमीमा सामेल भएर सैनिक तालिम लिन थाले। त्यसको अर्को वर्ष ह्यारी सामेल भएको पल्टन इराक युद्धका लागि खटाइयो जसमा बेलायतको राजकुमारलाई पठाउने कि नपठाउने भन्नेबारे व्यापक बहस हुन पुग्यो। अन्तमा बेलायती रक्षा मन्त्रालयले ह्यारीलाई आफ्नो रेजिमेन्टका साथ इराकमा तैनाथ गर्ने घोषणा गर्‍यो। तत्कालीन ब्रिटिस सेनाका प्रमुख, जनरल सर रिचर्ड डन्नाटका अनुसार इराकमा एक सैनिक कमान्डरका रूपमा खटिने निर्णय राज्यको नभएर ह्यारीको व्यक्तिगत इच्छा थियो। त्यसको एक वर्षपछि ह्यारीको पदोन्नति लेफ्टिनेन्टका रूपमा भयो।

युवा भएपछि अचानक युद्धमा चाख राख्न थालेका ह्यारीले त्यसपछि क्यानाडा र बेलायतको संयुक्त सैन्य तालिममा पनि भाग लिएका थिए, जसलाई बेलायत सरकारले सकेसम्म गोप्य राख्न खोजेको थियो। इराकपछि ह्यारीले लिएको तालिमलगत्तै बेलायती रक्षा मन्त्रालयले नाटो नेतृत्वको अफगान युद्धमा उनलाई पठायो। अफगानिस्तानमा क्यानाडा र बेलायत दुवै देशका सेनाले भाग लिइरहेका थिए। तर त्यसबारेको समाचार सार्वजनिक भएपछि बेलायती रक्षा मन्त्रालयले उनलाई युद्धबाट फिर्ता बोलायो। अफगानिस्तान र इराकमा लगातार सैनिक नेतृत्व गरेका ह्यारी आफ्नो काका प्रिन्स एर्न्ड्युपछि युद्धग्रस्त क्षेत्रमा खटिने शाही परिवारको पहिलो सदस्य हुन पुगे। उनका काका एर्न्ड्युले फकल्यान्डको युद्धमा सैनिक हेलिकोप्टर उडाएका थिए। बहादुरीपूर्ण काम गरेको भन्दै उनकी काकी एनीले ह्यारीलाई मे २००८ मा पदक नै दिएकी थिइन्।

पछि हेलिकोप्टर उडाउन सिकेका ह्यारी अपाचे हेलिकोप्टर चलाएर अफगानिस्तान पुगेको केही दिनमै २०१२ को सेप्टेम्बर १० मा तालिवानबाट घेरिन पुगेको सनसनीपूर्ण समाचार बाहिरिए। धेरै ठूलो शक्ति लगाएर बेलायती सेनाले तालिवान आक्रमणमा परेको उनको क्याम्पबाट ह्यारीलाई सुरक्षित स्थानमा सार्न सफल भएको थियो। यो छोटो अवधिमै ह्यारीले कम्तीमा २५ जना मानिसलाई आफ्नै हातले मारेको खुलासा पुस्तकमा गरेको जनाइएको छ। उनले अफगानिस्तानमा अपाचेको हतियार प्रणाली सञ्चालनलाई भिडियो गेम खेल्ने कलासँग तुलना गरेका थिए। अपाचे हेलिकोप्टर चलाउँदा आवश्यक परेका बखत गोली चलाउनुपरेको उनले पुस्तकमा स्विकारेका छन्। आफ्नो संस्मरणात्मक पुस्तकमा उनले के पनि खुलासा गरेका छन् भने उनले युद्धका ६ वटा मिसनहरूमा उडान भर्दा तालिवानलाई मानिसका रूपमा हेरेनन् बरु 'चेसका प्यूसाहरू' का रूपमा बोर्डबाट हटाए। आफूले कति संख्यामा मान्छे मारें भन्ने प्रश्नको कुनै महत्त्व नभएको उनले पुस्तकमा खुलाएका छन्।

'यो संख्या (मारिएका मानिसको) होइन, जसले मलाई कुनै सन्तुष्टि दियो,' उनले लेखेका छन्, 'तर, न त यो संख्या थियो, जसले मलाई लज्जित सर्मिंदा महसुस गराएको थियो।' पुस्तकको यो प्रसंग आउनुबित्तिकै अफगानिस्तानको परराष्ट्र मन्त्रालयका प्रवक्ता अब्दुल काहार बल्खीले 'ह्यारीले गरेको अफगानिस्तानको पश्चिमी भूभागको त्यो कब्जा मानव इतिहासमा साँच्चै एक घीनलाग्दो क्षण भएको' बताएका छन्।

तालिवान आन्दोलनका एक नेता अनस हक्कानीका अनुसार ह्यारीले २५ मुजाहिद्दिनको ज्यान लिएको भनी दाबी गरेको दिन कुनै पनि तालिवानी लडाकु त्यस क्षेत्रमा मारिएका थिएनन्। 'त्यसैले यो स्पष्ट छ, उनले सर्वसाधारणलाई मारेका थिए' पुस्तकको अंशका सम्बन्धमा उनले हालै भनेका छन्, 'यसले उनी र उनको परिवार दुवैलाई जोखिममा रोखेको छ।'

ह्यारीको यो खुलासाले बेलायती सैनिक अधिकारीहरू क्रुद्ध बनेका छन्। उनीहरूले कुनै समय ह्यारीलाई काँधमा बोक्ने सैनिक संस्थामाथि नै लाञ्छना लगाएको आरोप पनि लगाएका छन्। ह्यारीको यस्तो कथनले जिहादीलाई बेलायती सैनिकमाथि आक्रमण गर्ने बित्थाको निहुँ मिलेको सैनिक अधिकारीहरूको टिप्पणी छ। यसरी उनको सैन्य जीवनको खुलासाले सिंगो बेलायती सेना अप्ठेरोमा परे पनि सन् २००५ देखि ०१५ सम्मको सैनिक सेवामा बिताएको समयलाई

ह्यारीले भने 'आफ्नो जीवनको सबैभन्दा खुसीको समय' भनी वर्णन गरेका छन्। अश्वेत कन्यासँगको विवाहपछि चिढिएको बकिङ्घम दरबारले सन् २०२० मा ह्यारीका लागि 'आधिकारिक सैन्य नियुक्तिहरूसहित शाही कर्तव्यहरूबाट पछि हटाइएको' घोषणा गरेको थियो। त्यसको एक वर्षपछि दरबारले ह्यारीलाई क्याप्टेन जनरल रोयल मरिनका रूपमा आफ्नो पद त्याग्न बाध्य पारेको थियो र उनका सबै मानार्थ सैन्य नियुक्तिहरू फिर्ता गरेको थियो।

ह्यारीले आफ्नो पुस्तकमा सैन्य जीवनका यी सबै पाटाबारे खुलस्त वर्णन गरेका छन्। पुस्तकमा उनले १७ वर्षको उमेरमा आफूले कौमार्य गुमाएको खुलासा पनि गरेका छन्। उनका अनुसार एक रात पव छेउको चौरमा पुरानो घोडाहरूलाई माया गर्ने एक महिलासँग पहिलो यौनसम्पर्क भएको थियो। त्यी महिला अभिनेत्री एलिजाबेथ हर्ले भएको अनुमान व्यापक रूपमा गरिएपछि हर्लेले यसलाई अफवाह मात्र भनेर टिप्पणी गरेकी छन्।

जिम्बावेकी धनाढ्यकी छोरी चेल्सी डेभीसँग ह्यारी २१ वर्षको हुँदा प्रेममा चुर्लुम्म डुबेको प्रसंग पनि पुस्तकमा भएको अखबारहरूको टिप्पणी छ। केही वर्षसम्म चलेको उनीहरूको प्रेम अभिनेत्री क्रेसिडा बोनाससँग ह्यारीको छोटो प्रेम सम्बन्धको सुरुवातपछि सकिएको थियो। अनेक युवतीहरूसँग गुज्रिँदै अघि बढेका ह्यारीलाई दरबारले पूर्णतः अपनाइरहेको थियो। तर, अमेरिकी अभिनेत्री मेघन मार्कलसँग २०१६ मा सुरु भएको उनको प्रेमले शाही परिवार क्रमशः उनीसँग टाढिन पुग्यो। इन्स्टाग्राममार्फत एक-अर्कासँग नजिकिन पुगेका उनीहरूको सम्बन्ध सार्वजनिक भएदेखि नै बेलायतका मूलधारका सञ्चारमाध्यमले आलोचनात्मक सामग्री पस्कन थालेका थिए भने सामाजिक सञ्जालमा उनीहरू ट्रोलिङमा पर्ने क्रम तीव्र हुन पुगेको थियो। सामान्य पृष्ठभूमिकी अश्वेत युवतीसँग सम्बन्ध जारी नराख्न ह्यारीलाई उनकै परिवारले ठूलो दबाब दियो। तर पनि मेघनसँगको प्रेमलाई ह्यारीले २०१८ मे १९ मा विवाहमा बदलिदिए। विवाहको अर्को वर्ष २०१९ को मे ६ मा उनीहरूको छोरा आर्ची माउन्टबेटन-विंडसरको जन्म भयो। दरबारले ह्यारी र मेघनको सम्बन्धलाई बेवास्ता गर्दै लगेपछि उनीहरूले २०२० मा शाही परिवारको वरिष्ठ सदस्यको हैसियत त्याग्ने घोषणा गरे। त्यसको केही महिना अमेरिकामा बिताएपछि उनीहरूले क्यानाडामा घर किने। २०२१ जुन ४ मा छोरी लिलिबेट माउन्टबेटन-विंडसरको जन्म भयो।

शाही परिवारको सदस्यबाट अलग भई सामान्य जीवन बिताउन ह्यारी दम्पतीलाई खर्चको निकै जरुरत पर्न गयो। त्यसपछि उनीहरूले आफ्ना कुरा खुलासा गरेर र अन्तर्वार्ताहरूबाट पैसा लिएर गुजारा चलाउने क्रममा यो पुस्तक लेख्नुपर्ने बाध्यता आइलागेको उनका आलोचकहरूले टिप्पणी गरेका छन्। ह्यारीले एकपछि अर्को गर्दै दरबारका कुरा बाहिर ल्याउन थाले पनि उनका बाबु राजा चार्ल्स दुःखी थिए। अप्रिल २०२१ मा प्रिन्स फिलिपको अन्त्येष्टिका लागि दुवै छोराको भेट हुँदा उनले 'मर्ने बेलामा दुःख नदेओ' भनेको पनि पुस्तकमा खुलाएका छन् ह्यारीले। त्यस्तै किशोरावस्थामा विभिन्न ड्रग्स प्रयोग गरेको पनि उनले पुस्तकमा निर्धक्कसँग स्वीकार गरेका छन्। यसरी ह्यारीले आफ्ना अनेकन निजी अनुभवहरूलाई धूवाँदार रूपले सार्वजनिक गरेर दरबारलाई अप्ठेरोमा पारिरहेका बेला बकिङ्घम दरबार एकदम मौन छ। सीएनएनको टिप्पणी छ, 'दरबारको यो मौनता घातक छ। किनभने दरबारले अनुत्तरित दाबीहरू छोड्नु भनेको ह्यारीको कथा शाही परिवारको हाम्रो सामूहिक स्मृतिको हिस्सा बन्नु हो।'

*(एजेन्सीहरूको सहयोगमा)*

# सन् २०२३ मा चीनको अर्थतन्त्र ?

चीन तीन वर्ष लामो कोभिड आइसोलेसनबाट निस्किएर विश्वसँग पुनः घुलमिल हुन खोज्दै छ। लामो समयदेखि व्यवसायहरूको दम घोटिरहेको कठोर शून्य-कोभिड रणनीतिबाट हालैको बहिर्गमनले विश्वको दोस्रो ठूलो अर्थतन्त्र चीनमा ऊर्जाको प्रसार गर्ने अपेक्षा गरिएको छ। कोभिड लकडाउन तथा सीमा नियन्त्रणले चीनलाई बाँकी विश्वबाट विच्छेद बनाउँदै आपूर्ति शृंखला अवरुद्ध पारेको थियो भने व्यापार तथा लगानीको प्रवाहलाई क्षति पुऱ्याइरहेको थियो।

विश्व अर्थतन्त्रले ऊर्जा अभाव, वृद्धि सुस्ती तथा उच्च मुद्रास्फीतिलगायत चुनौती सामना गरिरहेको समयमा चीन खुल्दा त्यसले विश्वलाई अत्यावश्यक एवं सामयिक प्रोत्साहन प्रदान गर्ने अपेक्षा गरिएको छ। यद्यपि, अर्थशास्त्रीहरूका अनुसार शून्य कोभिड नीतिबाट बहिर्गमन चीनका लागि अनिश्चित र पीडादायी हुने सम्भावना छ। संक्रमण विस्तारका कारण सन् २०२३ का केही महिना अर्थतन्त्रका लागि उतारचढावपूर्ण हुनेछ। चीनको सम्पत्ति (घरजग्गा क्षेत्र) बजारमा आएको ऐतिहासिक गिरावट एवं सम्भावित विश्वव्यापी मन्दी नयाँ वर्षको थप टाउको दुखाइ हुन सक्छ।

'कोभिड प्रसारको सामना गर्ने चीनको तयारी एकदमै कमजोर रहेकाले अर्थतन्त्रले छोटो अवधिमा प्रगतिको सट्टा समस्याको सामना गर्ने सम्भावना छ,' बोस्टनस्थित लगानी कम्पनी लुमिस सेल्स एन्ड कम्पनीका विज्ञ बो झुआङ भन्छन्। अभूतपूर्व आर्थिक नोक्सानी र चौतर्फी निराशाका बाबजुद चीन करिब तीन वर्ष भाइरसप्रति शून्य सहनशीलताको विधिमा अड्यो। यही कारण उसले सन् २०२२ मा वृद्धिमा तीव्र गिरावट, व्यवसायहरूको मुनाफामा कमीका साथै कीर्तिमानी स्तरको युवा बेरोजगारी साक्षात्कार गर्‍यो। बढ्दो सार्वजनिक अशान्ति तथा वित्तीय दबाबमाझ चीन सरकार शून्य-कोभिड नीति परित्याग गर्दै गत महिना अचानक मार्ग परिवर्तन गर्न बाध्य भयो। प्रतिबन्ध खोल्दा धेरैलाई राहत भए पनि शून्य नीतिमा आकस्मिक परिवर्तनले नागरिकहरू सुरक्षाकवचविहीन भएका छन्। 'प्रतिबन्धहरू एकैपटक खोल्दा प्रारम्भिक चरणमा संक्रमणको छाल आउन सक्छ, त्यसले स्वास्थ्य सेवा प्रणालीलाई अस्तव्यस्त बनाउनुका साथै उपभोग तथा उत्पादनलाई पनि कमजोर बनाउन सक्छ,' झुआङ भन्छन्।

चीनको जिडिपीको करिब २० प्रतिशत हिस्सा ओगटेको र करिब १८ करोड रोजगारीमा योगदान रहेको व्यापार क्षेत्रको प्रदर्शन विश्वव्यापी आर्थिक मन्दीका कारण कमजोर देखिन थालेको छ। गत महिना चीनको निर्यात एक वर्षअघिको सोही समयको तुलनामा ८.७ प्रतिशत संकुचित थियो। अहिले नै संक्रमणको तीव्र प्रसारले धेरै मानिस घरभित्र धकेलिइसकेका छन् भने पसल र रेस्टुरेन्टहरू रित्ता देखिन्छन्।कामदारहरूमा संक्रमण फैलिँदा कलकारखाना तथा कम्पनीहरू पनि बन्द गर्न वा उत्पादन कटौती गर्न बाध्य छन्। 'कोभिडसँगै बाँच्नु धेरैले सोचेभन्दा गाह्रो हुनेछ,' क्यापिटल इकोनोमिक्सका विश्लेषक भन्छन्।

दोस्रो त्रैमासिकमा सामान्य अवस्थामा फर्किनुअघि सन् २०२३ को पहिलो त्रैमास चीनको अर्थतन्त्र ०.८ प्रतिशतले संकुचित हुने विज्ञहरूको अनुमान छ। विज्ञहरूले आफ्ना पछिल्ला प्रतिवेदनमा चीनको अर्थतन्त्रमा मार्चपछि सुधार आउने उल्लेख गरेका छन्। हालैको अनुसन्धान प्रतिवेदनमा एचएसबिसीका अर्थशास्त्रीहरूले पहिलो त्रैमासमा चिनियाँ अर्थतन्त्र ०.५ प्रतिशत खुम्चिए पनि यो वर्ष समग्रमा पाँच प्रतिशतले वृद्धि हुने प्रक्षेपण गरेका छन्। सम्पत्ति बजार : शून्य कोभिड नीतिबाट चीनको परावर्तन कमजोर अर्थतन्त्र एक मात्र कारक होइन। घरजग्गा क्षेत्रमा आइपरेको संकटले पनि यो कठोर नीतिबाट फिर्तीलाई बाध्यकारी बनाएको हो। चीनको जिडिपीमा ३० प्रतिशत योगदान रहेको सम्पत्ति क्षेत्रलाई ठिक ठाउँमा ल्याउनु नीति-निर्माताहरूका निमित्त चुनौतीपूर्ण हुनेछ।

थुप्रै हाई प्रोफाइल डेभलपर्सहरू आफ्नो ऋण दायित्व चुकाउन विफल भएपछि सन् २०२१ को उत्तरार्धबाट सुरु भएको यो संकटले मुलुकभर पहिले नै बिक्री भइसककेका घरहरूको निर्माणमा ढिलाइ वा अवरुद्ध गरेको छ। खरिद गरिएका आवास समयमै नपाउने तर ऋणको किस्ता भने तिरिरहनुपर्ने भएपछि घर तथा आवासका खरिदकर्ताहरू प्रदर्शनमा समेत उत्रिए। उनीहरूले निर्माण सम्पन्न नभएका आवासका लागि लिइएका ऋण तिर्न अस्वीकार गरेका थिए। क्रेडिट क्रन्च (तरलता अभाव)लाई न्यून गर्न गत महिना १६ बुँदे योजना अनावरण गर्दै बेइजिङले यो क्षेत्रलाई बचाउन शृंखलाबद्ध प्रयास गरे पनि तथ्यांकहरूले अझै पनि उदास चित्र प्रस्तुत गर्छन्। सन् २०२२ को पहिलो ११ महिनामा सम्पत्ति बिक्री २६ प्रतिशतभन्दा बढीले कमी आएको छ भने यो क्षेत्रको लगानीमा ९.८ प्रतिशतले गिरावट आएको छ। गत वर्षको अन्त्यताका आयोजित मुख्य नीति बैठकमा चीनका शीर्ष नेताहरूले सन् २०२३ मा अर्थतन्त्रमा सुधार ल्याउने वाचा गरेका थिए। उनीहरूले सम्पत्ति क्षेत्रको वित्तीय अवस्था सुधार गर्ने र बजारको मनोबल उकास्ने नयाँ उपाय ल्याउने बताएका छन्।

विश्वव्यापी मन्दीको त्रास : सन् २०२३ मा चीनको आर्थिक परिदृश्यलाई आकार दिनमा विश्वव्यापी मन्दीको मुख्य हात हुनेछ। सन् २०२२ को सुरुवाती समय चीनको व्यापार क्षेत्र उत्साहपूर्ण रह्यो। कमोडिटी बजारमा मूल्यको उछाल र चीनको मुद्राको अवमूल्यनका कारण निर्यात व्यापार क्षेत्रले वृद्धिको साक्षात्कार गरेको थियो। तर, चीनको जिडिपीको करिब २० प्रतिशत हिस्सा ओगटेको र करिब १८ करोड रोजगारीमा योगदान रहेको व्यापार क्षेत्रको प्रदर्शन विश्वव्यापी आर्थिक मन्दीका कारण कमजोर देखिन सुरु गरेको छ। गत महिना चीनको निर्यात एक वर्षअघिको सोही समयको तुलनामा ८.७ प्रतिशत संकुचित थियो। यो सन् २०२० को फेब्रुअरीयताको सबैभन्दा खराब प्रदर्शन हो।

बढ्दो मुद्रास्फीतिको सामना गर्न विश्वभरका नीति-निर्माताले निरन्तर ब्याजका दरमा वृद्धि गरिरहँदा मुलुकहरूले मन्दी साक्षात्कार गर्न थालेका छन्। क्यापिटल इकोनोमिक्सका विश्लेषक चीनको निर्यातमा देखिएको महामारी-युगको उछाल उल्टिसकेको बताउँछन्। मन्दीको अर्थ आगामी केही त्रैमास चीनको व्यापार थप खस्किनेछ भन्ने नै हो।

*(ही सिएनएनकी पत्रकार हुन्) - सिएनएनबाट*

प्रेरक

## पेचकस र अस्थी



पाउलो कोएलोले आफ्नो ब्लगमा एउटा घटनाबारे सविस्तार लेखेका छन् । उनका ससुराबाले आफ्नो मृत्युभन्दा केही समयअघि परिवारका सबै सदस्यलाई बोलाए । सबैलाई सँगै राखेर भने, 'मृत्युलाई म हाम्रा लागि दोस्रो दुनियाँमा प्रवेश गर्ने मार्गका रूपमा लिन्छु । म यो संसारबाट गएपछि तिमीहरूलाई एउटा सन्देश पठाउनेछु कि अरूको भलाइका लागि काम गर्नु नै जीवनको सबैभन्दा महत्वपूर्ण उद्देश्य हो ।' केही समयपछि ससुराको मृत्यु भयो ।

उनकै इच्छाअनुसार दाहसंस्कार गरियो र उनको अस्थि समु□मा विसर्जन गरियो । पार्श्वमा उनको सबैभन्दा प्रिय संगीत रेकर्डरमा बजिरह्यो । परिवारका सदस्यलाई सम्बोधन गरेको दुई दिनपछि उनले संसार छाडेका थिए ।

साओ पाउलोमा उनको अन्तिम दाहसंस्कारको व्यवस्था गरिएको थियो । परिवारका सदस्य अस्थिपात्र, संगीतको क्यासेट र टेप रेकर्डर लिएर त्यहाँ पुगे । तर, त्यहाँ एउटा समस्या आइपर्‍यो ।

अस्थिपात्रको ढक्कन धेरै बोल्ट लगाएर बन्द गरिएको थियो । त्यसलाई कसैले खोल्न सकिरहेका थिएनन् । सहयोगका लागि पनि त्यहाँ कोही थिएन । नजिकै एकजना भिखारी थियो ।

हामी समस्यामा परेको देखेर ऊ हामीनजिक आयो र भन्यो, 'कुनै समस्या छ हो ?' मृतकका छोराले भने, 'मेरा पिताको अस्थि यसमा बन्द छ र यसलाई खोल्नका लागि पेचकस छैन ।' 'तपाईंका बुबा असल व्यक्ति हुनुहुँदो रहेछ, किनभने मसँग पेचकस छ,' भिखारीले झोलामा हात हाल्दै पेचकस निकालेर दियो ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष
समय दिन नसक्दा आफ्ना कामबाट अरूले फाइदा उठाउन सक्छन् । स्वास्थ्यका लागि खानपानमा ध्यान दिनुहोला । मिहिनेत गर्दा अध्ययनमा प्रगति हुनेछ । महत्त्वाकांक्षा पूरा नभए पनि पहिलेको उपलब्धि जोगाउन सफल भइनेछ । आर्थिक स्थितिमा सुधार आउनेछ । गुमेको स्थान प्राप्त हुनाले आफ्नो वर्चस्व बढ्नेछ । नियमित काम र व्यवसायमा सामान्य लाभ हुनेछ ।

### वृष
अवसरले पछ्याए पनि प्रतीक्षा गरिएको नतिजा कमजोर देखिनेछ । सहयोगीहरूले साथ दिन छाड्नेछन् र प्रगतिमा ईर्ष्या गर्नेहरूले दुःख दिनेछन् । आश्वासन बाँड्नेहरूले झुक्याउन सक्छन् । कामको अवसर प्राप्त भए पनि तत्काल प्रतिफल हातलागी नहुन सक्छ । पहिलेका सम्झौता तोड्नुपर्ने परिस्थिति आउन सक्छ । अरूको भरपर्दा काम बिग्रन सक्छ, सजग रहनुहोला ।

### मिथुन
नयाँ काम प्रारम्भ गर्ने समय छ । चिताएको काममा सोचेजस्तै सफलता मिल्नेछ । दाजुभाइमा आत्मीयता बढ्नेछ भने प्रेम र मित्रताको बन्धनसमेत कसिनेछ । लगानी गर्दा व्यवसायमा मनग्य धनलाभ हुनेछ । आलस्य त्यागेर मिहिनेत गर्दा फाइदा उठाउन सकिनेछ । पहिलेको उपलब्धिले पनि उत्साह जगाउनेछ । प्रतिस्पर्धीहरूले समेत सहयोगका हात फैलाउनेछन् ।

### कर्कट
आत्तिने बानीले बोलीको गलत अर्थ लाग्न सक्छ । अरूको मुख ताक्ने बानीले आफ्नो काम अधुरो रहनेछ । तापनि मिहिनेतले सम्मानित स्थान दिलाउनेछ । बुद्धिले काम लिँदा चिताएको योजना कार्यान्वयनमा आउनेछ । आजको श्रमबाट पछिलाई फाइदा हुनेछ । बौद्धिक अभिव्यक्तिको तारिफ हुनेछ । अध्ययनमा प्रगति हुनेछ भने ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ । आर्थिक अवस्था मजबुत बनाउन निकै परिश्रमको आवश्यकता छ ।

### सिंह
कामको अवसर प्राप्त भए पनि विशेष भेटघाट र शिष्टाचारले अलमल्याउन सक्छ । स्वास्थ्यका लागि खर्च बढ्नेछ । धन लाभ भए पनि बलजफ्ती गर्ने बानीले समस्या निम्त्याउला । विवादास्पद कामको जिम्मेवारी वहन गर्नुपर्दा आत्मसम्मानमा बाधा पर्न सक्छ । तापनि प्रबल इच्छाशक्तिले लक्ष्यमा पुर्‍याउनेछ । लगनशीलताले नयाँनयाँ काम गर्ने अवसर समेत दिलाउनेछ ।

### कन्या
आशा देखाउनेहरूको भरपर्दा धोका पाइएला । खर्च हुने डरले सताउन सक्छ । अरूको करकापमा काम गर्नुपर्ने परिस्थिति आउन सक्छ । वादविवादबाट टाढा रहनुहोला । अर्थ अभावले पनि काममा बाधा पुग्नेछ । आफ्ना सूचनासम्बन्धी गोपनीयतामा ध्यान पुर्‍याउनुहोला । ईर्ष्या गर्नेहरूबाट जोगिएर काम लिनुहोला, आजको मिहिनेतले भविष्यमा फाइदा दिलाउनेछ ।

### तुला
आम्दानीका विभिन्न स्रोत देखिए पनि तत्काल फाइदा नहुन सक्छ । आफ्नो लाभांशमाथि अरूले दाबी-विरोध गर्न सक्छन् । ईर्ष्या गर्नेहरूबाट सजग रहनुहोला । अरूको मुख ताक्ने बानीले पछि परिनेछ । काम सम्पादन भए पनि कर्मफल रोकिन सक्छ । ठूलो भागको आशा राख्दा भएको वस्तुसमेत गुम्न सक्छ । अरूका विषयमा चासो लिँदा व्यर्थैमा झमेला बेहोर्नुपर्ला ।

### वृश्चिक
तारिफयोग्य कामले चर्चामा ल्याउन सक्छ । प्रतिष्ठित व्यक्तिहरूको सहयोग जुट्नाले सजिलै लक्ष्य प्राप्ति हुनेछ । पुरानो मित्रताले प्रेमको मार्ग अवलम्बन गर्न सक्छ । विभिन्न अवसरले पछ्याउनेछन् भने दिगो काममा जग बसाउने मौका छ । सोखले थालिएको काम व्यवसायमा रूपान्तरित हुनेछ । मेहनतीहरूलाई कार्यसिद्धिको समय छ । कर्मयोगले नाम र दाम दिलाउनेछ । मनमा जोश जाँगर बढेर आउनेछ । सोचेको काम पूरा हुनेछ ।

### धनु
शारीरिक कमजोरीले चिन्ता बढाउन सक्छ । अरूका लागि समय, धन र बुद्धि खर्चनुपर्ला । बाध्यताले अलमल्याउन सक्छ । तापनि, लगनशीलताले उपलब्धिको स्रोत प्राप्त हुनेछ । काम पूरा नभए पनि दोहोर्‍याएर प्रयत्न गर्दा केही लाभ हुन सक्छ । सामुदायिक जिम्मेवारी वहन गर्ने समय छ । चिताएको मूल्य प्राप्त नभए पनि पछिलाई फाइदा हुने काम हातलागी हुन सक्छ ।

### मकर
खर्च र चुनौतीको समय रहेको हुँदा अलि सजग रहनुपर्ला । सामान्य कामका लागि दौडधुप गर्नुपर्नेछ । तत्काल फाइदा नहुने काममा जुट्नुपर्ला । स्वास्थ्यमा कमजोरी अनुभूति हुन सक्छ । खानपान र आहारविहारमा ध्यान पुर्‍याउनुहोला । आफ्नो श्रमबाट अरूले फाइदा उठाउने चेष्टा गर्लान् । दोहोर्‍याएर प्रयत्न गर्दा केही काम बन्न सक्छ । पछिका लागि केही वस्तु त्याग्नुपर्ला ।

### कुम्भ
घुमफिर तथा मनोरञ्जनको समय छ । भौतिक साधनले खर्च भने बढाउन सक्छ । व्यवसायको सन्दर्भमा रमाइलो यात्रा हुनेछ । मित्रता र प्रेमको बन्धन कसिनेछ । आफन्तको स्नेह तथा सम्मान प्राप्त हुनेछ । प्रयत्न गर्दा दिगो फाइदा हुने काम थालनी हुनेछ । तर अरूको करकापमा काम गर्नुपर्ने परिस्थिति आउन सक्छ । उधारोमा व्यापार हुनेछ । व्यवसायमा लगानी बढाउनुपर्ला ।

### मीन
नयाँ अवसरका साथै आम्दानीका स्रोत फेला पर्नेछन् । चुनौती पन्छाएर पनि काम बनाउन सकिनेछ । शत्रुहरू स्वतः किनारा लाग्नेछन् र प्रतिस्पर्धामा विजयी भइनेछ । स्वास्थ्य सबल बन्नुका साथै काममा उत्साह जाग्नेछ । पुरुषार्थ देखाएरै समाजमा स्थापित बन्न सकिनेछ । द्वेष तथा ईर्ष्या गर्नेहरूले हार खानेछन् । व्यापारलगायत दिगो फाइदा हुने नयाँ योजना शुभारम्भ गर्ने समय छ ।

# पृथ्वीजयन्ती देशैभर भव्य



काठमाडौं । प्रत्येक वर्ष पुस २७ गते मनाइने राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको जन्मजयन्ती विविध कार्यक्रम आयोजना गरी देशभर मनाइयो । यस वर्ष उनको ३०१ औं जन्मजयन्ती मनाइएको हो । विसं १७७९ पुस २७ गते गोरखामा राजा नरभूपाल शाह र रानी कौशल्यावतीका कोखबाट पृथ्वीनारायण शाहको जन्म भएको थियो ।

विसं १७९९ चैत २५ गते पृथ्वीनारायण शाह राजा हुनुभएको थियो । त्यसअघि नेपाल ५२ राज्यमा विभाजित थियो । पृथ्वीनारायण राजा भएपछि पूर्वमा टिस्टादेखि पश्चिममा चेपे नदीसम्म नेपालको सीमा विस्तार गर्न उहाँ सफल हुनुभएको थियो ।

पृथ्वीनारायणको शेषपछि उहाँका उत्तराधिकारीले पश्चिममा किल्ला काँगडासम्म नेपाल राज्यलाई विस्तार गरेको इतिहास छ । पृथ्वीनारायण शाहले विसं १८०१ मा नुवाकोट विजय गर्नुभएको थियो । त्यसको २५ वर्षपछि १८२६ सालमा काठमाडौँ उपत्यका विजय हासिल गर्नुभएको थियो । नेपाल उपत्यका विजय गरेपछि पृथ्वीनारायण शाहले पूर्वतिरका चौदण्डी विजयपुर आदि विजय गर्दै देशको सिमाना बढाउनुभएको थियो ।

सबै जातजाति, भाषाभाषीको सहयोग लिएर नेपाल एकीकरणको श्रीगणेश गर्नुभएका पृथ्वीनारायण शाहको सम्झनामा आज देशभर विभिन्न कार्यक्रम गरी ३०१ औं जन्मजयन्ती मनाइँदैछ । यस अवसरमा सरकारले आज सार्वजनिक बिदा पनि दिएको छ ।

यसैबीच राष्ट्रपति विद्यादेवी भण्डारीले पृथ्वीनारायण शाहका दिव्य उपदेश अहिलेको सन्दर्भमा पनि उत्तिकै मननयोग्य रहेको बताएकी छन् ।

पृथ्वीनारायण शाहको ३०१औं जन्मजयन्ती तथा राष्ट्रिय एकता दिवसका अवसरमा आज शुभकामना सन्देश दिँदै उनले तत्कालीन समयमा पृथ्वीनारायणले लिएको लिएको एकीकरण अभियानको आधारभूमिमा उभिएरै आजको सार्वभौम, स्वतन्त्र, समावेशी, लोकतान्त्रिक गणतन्त्र नेपालसम्मको यात्रा तय गर्न सफल भएको उल्लेख गरेकी छन् ।

'स्वावलम्बी र आत्मनिर्भर अर्थतन्त्रको निर्माण गर्न, जनतालाई अधिकारसम्पन्न बनाई राज्यसँग अपनत्वको भाव कायम राख्न तथा कुशल परराष्ट्र सम्बन्ध सञ्चालन गर्नसमेतका बहुआयामिक क्षेत्रमा हामीले पृथ्वीनारायण शाहका उपदेशलाई सर्वकालिक सन्दर्भसामग्रीका रूपमा लिन सक्दछौँ', राष्ट्रपतिको शुभकामना सन्देशमा भनिएको छ ।

तत्कालीन समयमा छरिएर रहेका साना राज्यहरूको एकीकरणबाट आधुनिक नेपाल राष्ट्रको निर्माण हुनु हाम्रो इतिहासको विशिष्ट एवं गौरवपूर्ण अध्याय भएको पनि उनले उल्लेख गरेकी छन् ।

'तत्कालीन गोरखाका राजा पृथ्वीनारायण शाहले सुरु गरेको नेपाल निर्माणको अभियानलाई दशकौंसम्म हाम्रा वीर पुर्खाले अगाडि बढाएकै हुनाले नेपालको स्वतन्त्र र सार्वभौम अस्तित्व कायम रहन सकेको ऐतिहासिक यथार्थ हामी सबैले आत्मसात गर्नु पर्दछ', राष्ट्रपतिको शुभकामना सन्देशमा भनिएको छ ।

वर्तमान समयका उपलब्धिमा गौरवबोध गरिरहँदा पूर्वजहरूले इतिहासमा गरेका त्याग र बलिदानप्रति उत्तिकै सम्मान व्यक्त गर्न आवश्यक रहेको राष्ट्रपतिले शुभकामना सन्देशमा भनेकी छन् ।

'आफ्नो इतिहासका उपलब्धिप्रति कृतज्ञ हुने समाजले मात्र आफू र आफ्ना सन्ततिमाथि न्याय गर्न सक्दछ भन्ने सत्यलाई हामी सबैले मनन गर्नु पर्दछ, यस दिवसबाट हाम्रो सुदृढ देशभक्तिको भावनामा एउटा बलियो आयाम थप्न योगदान मिल्ने मैले विश्वास लिएको छु', शुभकामना सन्देशमा उल्लेख छ । राष्ट्रिय एकता दिवसले मुलुकको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता र राष्ट्रिय एकतालाई अक्षुण्ण राखी जनताको सुख र समृद्धि हासिल गर्न प्रेरणा प्राप्त हुने विश्वास पनि राष्ट्रपतिले व्यक्त गरेकी छन् ।

# राष्ट्रिय परिचयपत्रको काम अधुरै

काठमाडौं । एक वर्षभित्र सबै नागरिकलाई राष्ट्रिय परिचयपत्र उपलब्ध गराउने सरकारको लक्ष्य पूरा हुने सम्भावना न्यून छ। हालसम्म जम्मा एक करोड पाँच लाखको तथ्यांक संकलन भएको छ भने करिब ६ लाख परिचयपत्र मात्र छपाइ भएको छ। राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका अनुसार एक करोड पाँच लाखको बायोमेट्रिकसहितको विवरण संकलन भएको छ। तर, कर्मचारी अभावका कारण छापिएको कार्ड पनि वितरण हुन सकेको छैन।

सरकारले चालू आर्थिक वर्षमा ७० लाख नागरिकको विवरण संकलन गर्ने लक्ष्य राखेको छ। मासिक पाँचदेखि सात लाखको विवरण संकलन हुने गरेको छ। यही गतिमा संकलन हुँदा आगामी वर्षमा थप ७० लाखको मात्र विवरण संकलन हुनेछ। जसअनुसार विवरण संकलन हुनै थप दुई वर्ष लाग्ने विभागका एक अधिकारीले बताए। कार्ड वितरण गर्दा पनि बायोमेट्रिक विवरण प्रमाणीकरण गर्नुपर्ने भएकाले वितरणका लागि कर्मचारी अभाव भएको छ। हाल विवरण संकलनकै क्रममा लामो लाइन हुने गरेको छ।

०६६/६७ को सरकारको नीति तथा कार्यक्रममा राष्ट्रिय परिचयपत्र वितरणसम्बन्धी योजना उल्लेख गरिएको थियो। ०६७ मै गृह मन्त्रालयअन्तर्गत राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्रको स्थापना गरिएको थियो। सुरुमा एडिबीले एक लाख १७ हजार कार्ड छपाइका लागि अनुदान दिई यो परियोजना सुरु भएको हो। राहदानी बनाउन र नवीकरण गर्न परिचयपत्र नम्बर अनिवार्य गरिएको छ।

# अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Jocular = ठट्यौलो पाराको Not does everyone like his way of making jocular remarks हरेकले उसको ठट्यौलो पाराले गर्ने अभिव्यक्ति मनपराउँदैनन् ।

Kaput = बिग्रनु The car is kaput, now we have to walk गाडी बिग्रियो अब हामी हिँड्नुपर्छ ।

Lumber = गह्रुँगो तर हाँसो उठ्दो पाराले हिँड्नु As he is too fat, he lumbers like a bear ऊ चाहिनेभन्दा बढी मोटो भएको हुँदा भालुले जस्तै हाँसो उठ्दो पाराले हिँड्छ ।

Myriad = ठूलो संख्यामा Myriad of locusts invaded the paddy field सलहको बथानले धानको खेतमा आक्रमण गर्‍यो ।

Notable = नाम चलेको His success can be regarded as notable उसको सफलतालाई उल्लेख गर्न योग्य मान्नुपर्छ ।

Outwit = चलाखिपूर्ण तरिकाले छक्याइदिनु By disguising himself as a beggar,the underground leader was able to outwit the police and escape माग्नेको भेषमा भूमिगत नेता प्रहरीलाई चलाखिपूर्ण तरिकाले छक्याई भाग्न सफल भए ।

Plethora = आवश्यकताभन्दा बढी She offered plethora of excuses for a simple mistake she committed आफूले गरेको सानो भूलको लागि उनले आवश्यकताभन्दा बढी माफ मागिन् ।

Quash = दबाउनु As the student movement went out of control, authority decided to quash it जब विद्यार्थी आन्दोलन नियन्त्रणभन्दा बाहिर गयो, अधिकारीहरूले आन्दोलन दबाउने निर्णय गरे ।

Reverent = आदरयोग्य पूजनीय Although he bows before the god, he does not feel it properly reverent देउताको अगाडि झुके पनि ऊ देउतालाई पुजनीय मान्दैन ।

Specious = झट्ट देख्दा वा सुन्दा सत्यजस्तो तर असत्य He is expert in making spacious argument झट्ट सुन्दा सत्यजस्तो लागे पनि ऊ असत्य कुरा गर्न खप्पिस छ ।

# Cast बाट के के कुरा भन्न सकिन्छ थाहा पाउनुहोस्

Cast something back to = बितेका कुरा याद गर्नु I prefer casting my mind back to my childhood । म मेरो बितेको वालपनको याद गर्न मनपराउँछु ।

Cast one's something wide = विस्तार गर्नु, फैलाउनु By casting your net wide, you can do good marketing of your business तिम्रो सूचना प्रवाह वा सम्पर्क विस्तार गर्‍यौ भने तिम्रो व्यवसायले राम्रो बजार पाउँछ ।

Cast something before something = महत्व नै नबुझ्नेलाई केही कुरा दिनु Presenting such a valuable gift to him is casting pearls before swine उसलाई यस्तो मूल्यवान उपहार दिनु भनेको सुँगुरको अगाडि मोती छर्नुजस्तै हो ।

Cast something on somebody = लठ्याउनु His speech casts a spell on everyone यसको भाषणले हरेकलाई लठ्याइदिन्छ ।

Cast one's something to somebody = कसैलाई आफ्नो केही दिनु Cast your vote to a competent candidate उपयुक्त उम्मेदवारलाई आफ्नो मत देऊ ।

Cast about or around something for something = हतपतमा भन्नु, बोल्नु वा सोच्नु She cast about something to say but could not find proper word तिनले हतपतमा केही भन्न खोजिन् तर उपयुक्त शब्द पाइनन् ।

Cast something aside = केही चिजलाई बेवास्ता गर्नु I can not cast aside my old furnitures so easily म मेरो पुरानो फर्निचरहरू त्यति सजिलै बेवास्ता गर्न सक्दिन ।

Cast somebody aside = कसैलाई महत्व नदिनु Never cast your old friends aside पुराना मित्रहरूलाई महत्व नदिने कार्य कहिल्यै नगर्नु ।

Cast somebody down = कसैलाई हतोत्साह गर्नु You have a very bad habit to cast your friends down साथीहरूलाई हतोत्साह गर्ने तिम्रो ज्यादै नराम्रो बानी छ ।

Cast somebody off = फेर्नु She is just 21 but has already cast three boy friends तिनी भर्खर २१ वर्षकी भइन् तर तीनवटा केटा साथी फेरिसकिन् ।

## सुडोकु–अंक २८६

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | ७ | | | | | | २ | |
| | | ६ | ७ | | | | | |
| | ५ | | | | ९ | | | ७ |
| ७ | १ | | ६ | | | | ४ | |
| ३ | | | | | | | | ८ |
| | ९ | | | | ७ | | १ | २ |
| २ | | | १ | | | | ६ | |
| | | | | | २ | ९ | | |
| | ८ | | | | | | ३ | ५ |

## अंक २८५ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | ४ | २ | ७ | १ | ५ | ८ | ६ | ९ |
| १ | ९ | ६ | ८ | ४ | २ | ७ | ५ | ३ |
| ७ | ५ | ८ | ६ | ३ | ९ | १ | २ | ४ |
| ९ | ८ | ३ | ५ | २ | ६ | ४ | १ | ७ |
| ६ | ७ | ४ | ३ | ९ | १ | २ | ८ | ५ |
| २ | १ | ५ | ४ | ८ | ७ | ९ | ३ | ६ |
| ५ | ३ | १ | २ | ७ | ४ | ६ | ९ | ८ |
| ४ | ६ | ९ | १ | ५ | ८ | ३ | ७ | २ |
| ८ | २ | ७ | ९ | ६ | ३ | ५ | ४ | १ |

## लिंग छनौट गरी गर्भपतन गर्नु अपराध हो

- लिङ्ग पहिचानको आधारमा छोरा र छोरीमा विभेद गरी सन्तान जन्माउने कार्य नगरौं, नगराऔं ।
- प्रविधिको प्रयोग गरी लिङ्ग पहिचान गर्ने र गर्भपतन गराउने कार्य अपराध हो । त्यस्ता कार्य गर्नु वा गराउनु हुँदैन ।
- चिकित्सकले समेत त्यस्ता कार्यलाई निरुत्साहित गरी चिकित्सा पेसालाई मर्यादित बनाऔं ।
- हिंसारहित समाजको निर्माण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# DPRK and Major Events in 2022

2022 was a year fraught with unprecedentedly harsh trials and challenges for the Democratic People's Republic of Korea. The country, however, did not flinch back, but achieved epochal changes all year round. The following are some of the typical events that took place in the country in 2022.

**Ever-lasting Future of the Workers' Party of Korea Guaranteed**

In October 2022, Kim Jong Un, General Secretary of the WPK, gave a commemorative lecture at the Central Cadres Training School of the WPK.

Noting that the WPK which had recorded a nearly-80-year history in power, was faced with a responsible time when it should continue the history for all eternity, he said that what is important for a socialist ruling party in guaranteeing its future development is to firmly maintain its intrinsic duty and principle in its activities, without losing the pivot for development in any environment and conditions. Continuing that it is necessary to intensify the effort to rally the entire Party around its Central Committee with a single mind, keep its root deep among the masses of the working people and secure the trust of all the people, he defined political, organizational, ideological, discipline and work-style upbuilding as the orientation of the building of the WPK in the new era.

His lecture was of historic significance in that it served as an occasion for renewed intensification and development of the building of the socialist ruling Party.

**State Policy on Nuclear Forces Enshrinedin Law**

The Seventh Session of the 14th Supreme People's Assembly of the DPRK held in September 2022adopted the law, titled,*On the DPRK's Policy on the Nuclear Forces*.

Through the adoption of the law, the country declared at home and abroad that its possession of the war deterrent as a means for national defence was legalized, clearly demonstrating the independent resolve of the government of the Republic and its staunch will to defend its sovereignty and interest.

The event made the peace-loving stand of the government and its policy on the nation's nuclear forces more transparent and legitimate.By enshrining the policy in law, itdrew a line of no retreat regarding its nuclear weapons, a treasured sword for defending peace which it had obtained overcoming all manner of hardships, so there would no longer be any bargaining over them.

**Demonstration of the Nation's Comprehensive Might**

On April 25, 2022, a grand military parade was held in Kim Il Sung Square in Pyongyang in celebration of the 90th founding anniversary of the Korean People's Revolutionary Army.

The column of honorary cavalrymen led the parade. It was followed by the column of soldiers representing the guerrilla army in the period of the anti-Japanese armed struggle, which is the first generation of the Republic's armed forces; a column of the Korean People's Army in the days of the Fatherland Liberation War, which had created an unheard-of military miracle of defeating atomic bomb with rifle; columns of the ground force, navy, air force, strategic force, special operations force, corps units and military academies of various levels of the KPA, revolutionary schools, provincial Worker-Peasant Red Guards, the Ministry of State Security, the Public Security Forces, emergency epidemic prevention workers, mechanized units and latest missiles.

While columns of powerful weapons passed through the parade ground demonstrating the true image of the country'sdefence capabilities, jet fighters decorated with bright illuminations made minimum-altitude flights and displayed such aeronautics as zooming over the square. The parade was brought to its breathtaking climax when the new-type ICBM *Hwasongpho-17* heaved into sight.

**Miracle in the History of International Healthcare**

In May 2022 the DPRK put in place a highest-level emergency anti-epidemic system after omicron variant entered its territory. All the country was locked down by region and unit, and strict anti-epidemic measures were taken.

Kim Jong Un led the anti-epidemic campaign. He convened major meetings of the WPK Central Committee in succession and took prompt measures against the situation. He urgently dispatched the KPA medics to Pyongyang and visited places related with the anti-epidemic work to acquaint himself with the situation. He even donated his household medicines for families in difficult conditions.

According to a report, he examined 1 772 documents with a total number of 22 956 pages during the 90-odd-day period of the highest-level emergency anti-epidemic system.

Under his wise guidance, the DPRK could defuse the public health crisis in a little more than 90 days, and this was a miracle unheard-of in the history of international healthcare.

**Creations Made in the Face of Challenges**

In 2022 the DPRK registered many remarkable successes in spite of the hostile forces' tenacious moves to stifle it and sudden public health crisis.

On April 11, 2022 Songhwa Street with 10 000 flats was inaugurated as the first entity in the programme for the comprehensive development of Korean-style socialism. It was followed by the Pothong Riverside Terraced Houses District, a luxurious residential area for the ordinary working people.

In June the renovated local-industry factories in Kimhwa County were commissioned, heralding the era when the countryside is transformed.

August witnessed the completion of the large-scale Orangchon Power Station composed of several dams and multi-tier power station units. About 20 days later a large-scale sodium carbonate production line was newly built in the Namhung Youth Chemical Complex, conducive to putting the chemical industry on the Juche basis.

In October the world-class Ryonpho Greenhouse Farm was completed in a short span of about 230 days since the start of its construction. About ten days later the Taesongsan Ice-cream Factory was brought to completion. Its construction was a priority project in the people-oriented policy of the WPK.

In November the first-stage project for renovating the Kumsong Tractor Factory was completed, which proved to be a big stride in the effort for laying the foundations for powerfully propelling rural rejuvenation in the new era.

**New Appearance of Rural Rejuvenation**

As part of an effort to realize the grand programme for rural rejuvenation in the new era advanced by Kim Jong Un, the DPRK launched in 2022 a campaign for housing construction in the countryside for radically changing the appearance of all the rural villages across the country.

The WPK and the DPRK government ensure that necessary materials are supplied to each city and county for housing construction in the rural areas. As a result, ideal socialist villages sprang up in many areas by the end of 2022, and farmers moved to new houses.

In September 5 500 modern farm machines were provided to South Hwanghae Province, the largest grain producer of the country.

**Powerful Deterrent Demonstrated**

The scale of the hostile forces' nuclear war games targeting the DPRK reached its climax in 2022. Their joint maritime exercise, anti-submarine exercise, missile defence exercise, maritime manoeuvring exercise and Vigilant Storm aggravated the tension on the Korean peninsula.

To cope with the enemy's provocation,the KPA conducted powerful military operations. It staged military exercises including drills of the units for the operation of tactical nukes, strike drills of frontline long-range artillery sub-units and flying corps and large-scale combined air-strike drill of the air force. These exercises clearly showed that the more tenacious the enemy's military provocations were, the more thoroughgoing and merciless the DPRK's countermeasures would be.

The country successfully test-fired hypersonic missile, new-type tactical guided weapon, strategic cruise missile and new-type ICBM *Hwasongpho-17*, demonstrating its enormous might for firmly guaranteeing the peace and security of the Korean peninsula and the rest of northeast Asia.


**Agricultural Workers Provided with New Houses at State Expense in the Democratic People's Republic of Korea**

According to the new programme for the rural revolution advancedat the Fourth Plenary Meeting of the Eighth Central Committee of the Workers' Party of Korea, new dwellinghouses were built in all parts of the countryside in the Democratic People's Republic of Korea. Agricultural workers move to new houses provided to them free of charge by the state.


















## ब्याजदर...

आएकोमा माघदेखि उक्त ब्याजदर ११ प्रतिशतमा झर्ने छ। यस्तै संस्थागत मुद्दती खातामा दिइएको १० दशमलव १३ प्रतिशतको ब्याजदर अब ९ प्रतिशत कायम हुने भएको छ।

## धनी...

सबैलाई अहिले हल्लाएको छ। यस सूचीका अनुसार शाहरूख खान ७७० मिलियन डलर अर्थात ६ हजार ३०६ करोड भारतीय रुपैयाँको सम्पत्तिका मालिक देखिएका छन्। यो सूचीमा अमेरिकी हास्य कलाकार र अभिनेता जेरी सेनफिल्ड एक अर्ब डलरको कुल सम्पत्तिका साथ शीर्ष स्थानमा छन्।

यस्तै दोस्रो स्थानमा करिब एक अर्ब डलर सहित अभिनेता टायलर पेरी रहेका छन्। यसै गरी ८० करोड डलरसहित तेस्रो धनी कलाकारको सूचीमा ड्वेन जोनसन परेका छन्। चौथो धनीमा बलिउड अभिनेता शाहरूख खान ७७ करोड डलरसहित यो सूचीमा परेका हुन्। यस्तै ६२ करोड डलरसहित टम क्रुज विश्वको पाँचौ धनी अभिनेतामा परेका छन भने ५२ करोड डलरसहित ज्याकी च्यान विश्वको छैटौं धनी अभिनेताको सूची र ५० करोड डलरसहित जर्ज क्लुनी सातौं धनी अभिनेताको सूचीमा परेका छन्। यस्तै करिब ५० करोड डलरसहित अभिनेता रोबर्ट डि निरो आठौं धनी अभिनेताको सूचीमा छन्।

## प्रचण्ड...

खतरा हुने कांग्रेसको बुझाइ रहेको हुन सक्छ।

देउवा निवास धुम्बाराहीमा प्रधानमन्त्री प्रचण्ड र देउवाबीच राष्ट्रपतिको विषयमा सहमति भएर कांग्रेसले विश्वासको मत दिएको आशंका एमालेले गरिसकेको छ। यही कारण ओलीले संसदमा बोल्दै यदि यो जाल हो र माछा पर्छ भनेर ढोक्सा थापेको भए कांग्रेसको ढोक्सा रित्तै हुनेछ भनिसकेका छन्। एमाले राष्ट्रपति र सभामुख दुवै नछोड्ने मुडमा छ। तर कांग्रेस शक्ति सन्तुलनका लागि पनि राष्ट्रपति आफ्नो हुनुपर्ने विश्लेषणका साथ होमवर्कमा रहेको राजनीतिक वृत्तमा चर्चा छ।

प्रधानमन्त्री प्रचण्डले अस्तिमात्र बालकोट पुगेर ओलीसँग वान टु वान संवाद गरेका छन्। उनले समझदारी पूर्णरुपमा कार्यान्वयनमा आफू इमानदार रहने प्रतिबद्धता ओलीसामु व्यक्त गरेको भनिँदैछ। हिजोमात्र सात दलको बैठक बसेको छ र मन्त्रालय बाँडफाँड टुंग्याएको छ।

राष्ट्रपति पूरै कार्यकाल लिने र अढाई वर्षपछि सभामुख पनि माओवादीलाई छोड्ने समझदारी सत्ता समीकरणमा बनेको छ। तर यस्तो सहमतिलाई ओली स्वयंले विगतमा पालना गरेनन्। आधा आधा कार्यकाल प्रधानमन्त्री बन्ने लिखित समझदारी भए पनि ओलीले प्रचण्डलाई सत्ता हस्तान्तरण नगर्दा झन्डै दुईतिहाई नजिकको नेकपाको सरकार ढल्यो। नेकपा समेत सग्लो रहन सकेन। प्रचण्डले ओलीकै विगतको पदचिन्ह पछ्याउन सक्छन् र उनलाई कांग्रेसले साथ दिने प्रचुर सम्भावनाको आधारका रुपमा विश्वासको मतलाई लिइएको छ। यही आधारले माओवादीले राष्ट्रपतिमा कांग्रेसलाई समर्थन गर्ने सम्भावनालाई समेत इन्कार गर्न सकिँदैन।

उच्चस्तरीय राजनीतिक संयन्त्रका संयोजक अहिले एमाले अध्यक्ष ओली स्वयं छन्। विगतमा नेकपाको सरकार हुँदा यस्तो संयन्त्र बनाउने प्रचण्डले प्रस्ताव गर्दा ओलीले मानेका थिएनन्। हरेक नीति र निर्णयमा ओलीको सहमति रहनुपर्ने बाध्यता छन् यतिबेला प्रधानमन्त्री प्रचण्डलाई। उनले जनताको अपेक्षा पूरा गर्ने कुरा बताइरहँदा जनता भने पत्याइहाल्ने स्थितिमा देखिँदैनन्। प्रधानमन्त्री प्रचण्डले सुशासनको अनुभूति दिन भ्रष्टाचारलाई निरुत्साहित गर्ने विभिन्न कालखण्डका भ्रष्टाचारको छानबिन गर्ने नीति तथा कार्यक्रममै समेटेका समेत छन्। तर उनी स्वतन्त्र तवरले राज्यको दैनिक प्रशासनको नेतृत्व गर्ने क्षमतामा छैनन् भन्ने आम बुझाइ छ।

अबको अढाई वर्षपछि प्रचण्डको राजनीति नै एमालेले ब्रह्मनालमा उत्तानो पारिदिने सम्भावनलाई समेत नजरअन्दाज गर्न नमिल्ने राजनीतिक विश्लेषकहरू बताउँछन्। यही कारण प्रचण्ड बाबुराम, उपेन्द्र यादव र माधव नेपाल समूहलाई मिलाएर शक्ति सञ्चय गर्न खोजिरहेका छन्। यसका लागि उनी माओवादी छोडेर समाजवादीको नयाँ अवतारमा अवतरण हुन खोजिरहेका छन् नेकपा समाजवादीका रुपमा।

सात थरी दल र तिनका विचारलाई सामञ्जस्य गरेर मन्त्रालय भागबन्डा गर्न र चित्त बुझाउन समेत प्रचण्डलाई निकै सकस देखिएको छ। मुलुक आर्थिक रुपले दिनानुदिन टाट पल्टिँदै जाँदैछ। व्यापारघाटाको स्थितिमा सुधार आउने संकेत छैन। बजार अनियन्त्रित छ। कालाबजारियाहरूको बिगबिगीले महँगीको पारो झनै बढेको छ। भ्रष्टाचार, घूसखोरहरूले जनताको ढाड सेकिरहेको अवस्था छ। यस्तै बेलामा नेपालमा बाह्य शक्ति राष्ट्रहरूको चलखेलले तीव्रता लिइरहेको छ। अमेरिका, एमसीसी, एसपीपी बोकेर आइरहेको छ। चीन र भारत पनि आफ्ना रणनीतिक स्वार्थमा नेपाललाई च्याख च्याख पारिरहेका छन्। कूटनीतिक सन्तुलन मिलाउन समेत प्रधानमन्त्रीलाई निकै हम्मे पर्ने देखिँदैछ।

## पब्जी...

हजार रुपैयाँ (२ लाख ९२ हजार डलर) पुरस्कार पाएको छ। फाइनल पुगेको नेपालकै अर्को टिम भने १३ औं स्थानमा आएको छ। यस टोलीले एक करोड ७५ लाख २८ हजार रुपैया (एक लाख ३२ हजार पाँच सय डलर) पुरस्कार पाएको छ।

यसअघि डिआरएसले गत महिना च्याम्पियनसिपको फाइनल चरणका लागि स्थान बनाएको थियो। डिआरएसको टोलीमा दीपेश गुरुङ, साहस भण्डारी, सुविन प्रजापति र समीर गुरुङ छन्। टिमका सिइओ भिक्टर पौडेल हुन्। ट्रेन टु किलले पनि यसअघि छनोटबाट अन्तिम चरणमा स्थान बनाएको थियो।

## १७ डीआईजी...

ज्ञवाली, किरण बज्राचार्य, सन्दीप भण्डारी र सुदीप गिरीको सरुवा भएको छ। यसैगरी भीम प्रसाद ढकाल, रामदत्त जोशी, पोषराज पोखेल, बुद्धिराज गुरुङ र दुर्गा सिंहको पनि काज सरुवा भएको प्रहरी उपरीक्षक बेलबहादुर पाण्डेले जानकारी दिए।

गृह मन्त्रालयमा रवि लामिछाने आएपछि प्रहरी उच्च अधिकारीको सरुवा भएको यो पहिलो निर्णय हो।

## पृथ्वीनारायण...

मात्र होइन सम्पूर्ण प्रशासन र शासन संयन्त्र नै भ्रष्टाचारको दलदलमा फस्ने थिएन। भ्रष्टाचार र घूसखोरी उन्मूलन आजको राष्ट्रिय कार्यक्रमको मूल एजेन्डा बन्न पुगेको छ। नेपाल विश्वकै भ्रष्ट देशहरूको टपटेनमा सूचीकृत हुन पुगेको अहिलेको यथार्थता हो।

वेद, उपनिषद्, पुराण धर्मशास्त्रले न्यायमा भ्रष्टाचार चल्नु हुँदैन भनेर किटानी धर्मोपदेश दिएका छन्। संविधान र कुनै पनि ऐन नियमहरूले भ्रष्टाचार गर्न नपाइने बाध्यात्मक व्यवस्था गरेका छन्। धर्म र लोकव्यवहारले भ्रष्टाचार र घूसखोरी गर्न नहुने प्रमाणित गरेको छ। यसैलाई आधार मान्दै पृथ्वीनारायण शाहले आफ्नो दिव्योपदेशमा भनेका छन्– 'अदालतको पैसा दरबारभित्र नहाल्नु, फर्काएर फकिड, अतित जोगी, संन्यासी, ब्राह्मणहरू इनैलाई दछिना भोजन चलाइदिनु, उब्रेको पैसा दछिना चलाइ जोगी धोती रुमाल चलाइदिनु यस्व भया असत्यको दोष लाग्दैन।' यसरी अदालतको पैसा घरमा लैजान र आफूमा पर्नै नहुने, असत्यको दोष लाग्ने कुरा शास्त्रकै आधारमा व्यवहारमा ल्याइएको देखिन्छ।

पृथ्वीनारायण शाहले उपयुक्त र योग्य व्यक्तिलाई राखी अदालतको गठन गर्नुपर्ने विधिशास्त्रकै आधारमा कुनै घूस र भ्रष्टाचार नगरी निष्पक्ष न्याय सम्पादन गर्नुपर्ने निर्देशन दिई स्वच्छ न्यायपालिकामा जोड दिएको दिव्योपदेशमार्फत थाहा पाइन्छ। उनले विभिन्न राज्य, रजौटा र अवस्थाबारे अध्ययन गरी तिनका तत्कालीन चल्तीका नियम कानुनलाई परिभाषित गरी समानतामा आधारित न्याय व्यवस्थाको जग बसालेका थिए। उनी न्यायमा विश्वास गर्थे र न्यायालयप्रति अगाध आस्था राख्थे।

ऐतिहासिक कालदेखि नेपालले अपनाउँदै आएको सुरक्षा चासोबारे उल्लेख गर्नुपर्दा पृथ्वीनारायण शाहकालीन सुरक्षा चासोका सम्बन्धमा उनको उक्ति रहेको थियो- 'सन्धिसर्पन हेरी गढी तुल्याइराख्नू र रस्ता-रस्तामा भाँजा हालिराख्नू।

जाई कटक नगर्नू, झिकी कटक गर्नू र श्रीगंगाजीको साँध पनि लाग्नेछ।' यसअनुसार सिन्धुलीगढी, रसुवागढी, जितपुरगढी, मकवानपुर गढीजस्ता प्रवेश गर्ने मुख्य-मुख्य नाकामा गढी वा किल्ला बनाइएकाले नेपाल-अंग्रेज सीमायुद्धका सन्दर्भमा सिन्धुलीगढीबाट क्याप्टेन किनलकको फौज उत्तर घुस्न सकेको थिएन। यसैगरी नेपाल-तिब्बत युद्धताका रसुवागढीबाट तिब्बती फौज नेपालतर्फ बढ्न सकेको थिएन। शाहको उक्तिअनुसार वर्तमानकालमा पनि राष्ट्रको सिमानामा सीमा सुरक्षा बल तैनाथ गुर्नपर्छ भन्ने यथार्थ बुझ्न सकिन्छ। तर, पृथ्वीनारायणको उक्ति बेलामौकामा अनुसरण हुन नसकेका कारण दक्षिणी सीमारेखाको सुरक्षा हुन नसकी नेपालका ७१ भन्दा बढी स्थानमा सीमा अतिक्रमण, मिचान, वाद-विवाद हुन पुगेको छ।

सीमा व्यवस्थापन र शान्ति सुरक्षा : देशको सीमा पद्धतिको व्यवस्थापन गर्न र जनताको शान्ति-सुरक्षाका निम्ति 'पक्की किल्ला बनाउनु, किल्लापिच्छे तोप लम्छट् गरी राषिदिनू र जति भञ्ज्याँ ई छन् भञ्ज्याँपिच्छे यक यक फलामे ढोका बनाई ढोकापिच्छे यक यक तोप लम्छट् गरी राषिदिनू र पपाँच सिपाहीँ राषिदिनू। यस्व भयापछि चेवा गर्न्या, चर्चा गर्न्या, भागन्या, नास्न्या, ढुकुवा, फसादि, षुनी यस्ताहरूको पनि केही चल्नेछैन, चारै बादसाही चढाइँ गरी आयो भन्या पनि कसैको केही चल्न्या रहेनछ' भन्ने पृथ्वीनारायणको उक्ति रहेको पाइन्छ। यस उक्तिको मनसाय अंग्रेज अत्यन्तै चतुरो जाति रहेको छ। लडाइँ-झगडा नगरी छलकपट गरेरै भए पनि हाम्रो देशभित्र आउन सक्छन्। त्यसैले, सन्धिसर्पन हेरी उचित ठाउँमा किल्ला बनाई तिनलाई रोक्न सकिन्छ भन्ने हुन सक्छ। यसअनुसार सिन्धुलीजस्तो डाँडाको गढीमा अग्लो पर्खालको किल्ला बनाई फलामे तोप तथा बमगोलाहरू राखिएका थिए।

नेपाली फौजका सम्बन्धमा पृथ्वीनारायणको भनाइ रहेको थियो- 'सिपाही भन्याको तिषारिराष्नू तिषारिराष्याका सिपाही कसैका मलाजामा पस्तैनन् र आफ्नू काज फत्य हुन्छ।' यसअनुरूप हिजोआज नेपाली सेनाले आफ्ना सैन्य बललाई तिखारिराख्न अर्थात् चुस्त राख्नका लागि विभिन्न तालिम तथा सैन्य शैक्षिक कोर्स सञ्चालन गरेको छ। यिनै परिप्रेक्ष्यमा सुरक्षा नीति तयार पार्दा पृथ्वीनारायणका पालादेखिको ऐतिहासिककालका क्रियाकलापलाई विश्लेषण तथा मनन गर्दै आधुनिककालको भावी सुरक्षा रणनीति तय गर्नु सान्दर्भिक हुन्छ।

## ह्युमन...

अवस्थासम्बन्धी प्रतिवेदनमा संघीय संसद्ले नागरिकता ऐन पारित गरे पनि राष्ट्रपतिले अस्वीकार गरेको उल्लेख छ।

अझै पनि पुरुषलाई भन्दा महिलालाई नागरिकता लिन कठिन भएको उल्लेख गर्दै ह्युमन राइट्सको प्रतिवेदनमा भनिएको छ, '२०७९ भदौमा संघीय संसद्ले नयाँ नागरिक ऐन पारित गर्‍यो तर राष्ट्रपति विद्यादेवी भण्डारीले त्यसलाई स्वीकृत गर्न मानिनन्। यो ऐन कानुन बनेमा यसअघि बहिष्करणमा परेका हजारौं व्यक्तिलाई नागरिकतासम्बन्धी कागजात उपलब्ध गराउन सक्छ। तर यसमा अझै पनि आफ्ना सन्तानलाई नेपाली नागरिकता दिलाउनमा पुरुषको दाँजोमा थप कठिन बनाउँदै महिलाविरुद्ध विभेद गर्ने प्रावधान बाँकी छन्।'

त्यस्तै नेपालमा यौनिक तथा लैंगिक पहिचानसम्बन्धी केही कानुन बने पनि कार्यान्वयनमा समरूपता नभएको प्रतिवेदनमा जनाइएको छ। प्रतिवेदनमा भनिएको छ, 'लेस्बियन, गे, बाइसेक्सुअल तथा पारलैङ्गिक (एलजीबीटी) व्यक्तिका अधिकारबारे नेपालको रवैया मिश्रित प्रकृतिको छ। केही हिसाबमा नेपालको कानुनी प्रगति यस क्षेत्रमा उदाहरणीय छ तर ती कानुनको कार्यान्वयनमा समरूपता छैन।'

## सात प्रदेश...

छन्। थपलियालाई आर्थिक मामिला तथा योजना मन्त्रालयको जिम्मेवारी दिइएको छ भने थापालाई जिम्मेवारी तोकिएको छैन।

एमाले, माओवादीलगायतका दलहरूको सहकार्यमा नयाँ समीकरण बनेसँगै सत्तागठबन्धनभित्र भएको सहमतिअनुसार प्रदेश १, गण्डकी, लुम्बिनी र सुदूरपश्चिममा एमाले, बागमती र कर्णालीमा माओवादी र मधेसमा जसपा नेतृत्वको सरकार बनेको छ। सत्तागठबन्धनभित्र मधेस प्रदेशमा जसपा र जनमत पार्टीले आधा-आधा कार्यकाल सरकारको नेतृत्व गर्ने सहमति भएको छ। त्यस्तै, पहिलो कार्यकालको नेतृत्व माओवादीले लिएको बागमती प्रदेशमा पनि आधा कार्यकाल एमालेलाई दिने सहमति छ।

कर्णाली सरकारको हकमा केन्द्रबाट पाँचै वर्ष माओवादीले नेतृत्व गर्ने सहमति भए पनि माओवादी-एमालेले आधा-आधा चलाउने सहमति भएको छ। शर्माले साढे दुई वर्ष चलाएपछि त्यहाँ एमालेले सरकारको नेतृत्व गर्नेछ। कर्णालीमा एमालेको संसदीय दलका नेता यामलाल कँडेल छन्।

सुदूरपश्चिम प्रदेश सरकारमा भने एमालेले आधा कार्यकाल चलाएपछि माओवादीलाई नेतृत्व सुम्पिने गठबन्धनभित्र सहमति भएको छ। प्रदेश १ मा भने स्थानीयस्तरमा माओवादीले आधा कार्यकाल पाउनुपर्ने दाबी गरेका कारण आलोपालोको विषयमा निर्णय हुन सकिरहेको छैन।

## प्रहरी नियमावली...

बढाउने, जवानको पेन्सन अवधि १६ र जुनियर अधिकृतको १८ वर्ष बनाउने, बढुवा प्रणालीलाई पारदर्शी बनाउने, क्षमतामा आधारित बनाउने, कार्य सम्पादन मूल्यांकनलाई पारदर्शी र वस्तुगत बनाउने, विद्यमान भर्नासम्बन्धी नीति परिमार्जन गर्ने, जवान १६ वर्षमा वरिष्ठ हवल्दार हुने र निरीक्षक कम्तीमा एसपी हुनैपर्ने नियम लागु गर्नेलगायतका विषय समेटिएका छन्।

वृत्ति विकासका कुनै पनि कार्यक्रम नभएको लामो समयसम्म एउटै तहमा बसेर काम गर्नुपर्ने बाध्यता रहेको भन्दै संगठनभित्र ठूलै असन्तुष्टि रहेको थियो।

प्रहरी नियमावली यी विषय समेटिएपछि यस्ता बाध्यता र गुनासा कमजोर हुने सशस्त्रको बुझाइ छ।

सशस्त्र प्रहरीमा आर्थिक वर्ष २०७७/०७८ मा प्रहरी निरीक्षकभन्दा तलका ७१४ जनाले राजीनामा दिएका छन्। आर्थिक वर्ष ०७६/०७७ मा दुई हजार ६१ र ०७५/०७६ मा तीन हजार ४९ जनाले राजीनामा दिएपछि ०७९/०८०देखि वृत्तिविकासका प्रस्तावहरू अघि सारिएको हो।

## ८ करोड...

उक्त फैसलापछि नेपालमा भएको भारु नोट सटही नहुने आम बुझाइ छ। तर नेपाल राष्ट्र बैंकले भने प्रणालीमा रहेको भारु नोटबारे भारतलाई जानकारी गराइसकेको र पटकपटक पहल गरेकाले उक्त नोट सटही हुने दाबी गरेको छ।

भारत सरकारले वि.सं २०७३ कात्तिक २३ गते मंगलबार मध्यरातदेखि लागू हुने गरी भारतीय रुपैयाँ पाँच सय र एक हजार दरका नोट प्रयोगमा प्रतिबन्ध लगाएको थियो। भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले कालोधन, भ्रष्टाचार र नक्कली नोटका कारण उत्पन्न समस्या हल गर्न यस्तो प्रतिबन्ध लगाएका थिए। भारतले आफ्नो मुलुकका नागरिककदेखि छिमेकी मुलुक भुटानका नागरिकसँग भएको यस्तो नोटलाई तोकिएको समयभित्र सटही गर्‍यो। तर नेपालको भने आधा दशक हुदाँसम्म पनि कुनै चासो दिइएको छैन।


## आर्थिक...

वृद्धिदर तेस्रो स्थानमा रहने तथ्यांक सार्वजनिक गरेको छ। सबैभन्दा धेरै भारतको ६.९ प्रतिशतले आर्थिक वृद्धि हुने तथा बंगलादेशको ५.९ प्रतिशतले आर्थिक वृद्धि हुने पनि विश्व बैंकले भनेको छ।

त्यस्तै, भुटानको आर्थिक वृद्धिदर ४.१ प्रतिशतमा कायम रहने छ भने पाकिस्तानको आर्थिक वृद्धिदर २ प्रतिशतमा सिमित रहनेछ। यसबाहेक श्रीलंकाको आर्थिक वृद्धिदर ऋणात्मक स्थितिमा जाने आकलन गरिएको छ। माल्दिभ्सको भने आर्थिक वृद्धिदर ८.२ प्रतिशतमा रहने प्रक्षेपण गरिएको छ। 'आन्तरिक मागहरू घटेको कारणले दक्षिण एसियाको आर्थिक वृद्धिदर औसतमा रहनेछ। यसमध्ये भारत, बंगलादेश र नेपालको आर्थिक वृद्धिदर तुलनात्मक रूपमा सामान्यरूपमा अघि बढ्ने छ भने भुटानको समेत वृद्धिदर उत्साहजनक नै रहने छ।' प्रतिवेदनमा भनिएको छ।

गत वर्ष सन् २०२२ मा नेपालले ५.८ प्रतिशत आर्थिक वृद्धिदर हासिल गरेको थियो। यस्तै, सन् २०२१ मा नेपालले ४.२ प्रतिशत आर्थिक वृद्धिदर हासिल गरेकामा आगामी वर्ष सन २०२४ को आर्थिक वृद्धिदर ४.९ प्रतिशत रहने प्रक्षेपण पनि सोही प्रतिवेदनले गरेको छ। विश्व बैंकले यो वर्ष विश्वको अर्थतन्त्र सन् २००९ कै जस्तो मन्दीमा जान सक्ने प्रक्षेपण गरेको छ। कोभिड-१९ महामारीका कारणले विश्वभर आर्थिक समस्या आइरहेको छ। यस्तै, अर्थतन्त्र बचाउन भन्दै विश्वभरका केन्द्रीय बैकहरूले ब्याजदर बढाउँदा आन्तरिक माग र रोजगारी घटेको विषयालाई पनि प्रतिवेदनले उजागर गरेको छ।

# माइकल जोर्डनको सफलताको कथा




माइकल जोर्डनलाई अहिलेसम्म बास्केटबलका उत्कृष्ट खेलाडी मानिन्छ, जसले असफलता र करियरको सुरुवातबीचका धेरै कठिनाइहरू पार गर्दै बास्केटबलप्रति कडा परिश्रम र लगनशीलताका साथ त्यो स्थान हासिल गरेका छन्, जुन स्थानमा पुग्न कुनै पनि खेलाडीका लागि निकै कठिन हुन्छ।

'म असफलता स्वीकार गर्न सक्छु, सबैजना केही न केहीमा असफल हुन्छन्। तर प्रयास नगरेको स्वीकार गर्न सक्दिन'। यो सानो उद्धरणले माइकलको सम्पूर्ण कथा बताउँछ कि उनको जीवन उतार-चढ़ावले भरिएको छ। उनी सफल पनि भए र असफल पनि भए, उनको बुबाको हत्या भयो, उनको जीवनमा धेरै विवादहरू आए, तर कठिन परिस्थितिमा पनि उनले अगाडि बढ्नमा ध्यान केन्द्रित गरे र आज उनी उत्कृष्ट बास्केटबल खेलाडी बन्न सफल भएका छन्।

### माइकल जोर्डनको जन्म

माइकल जोर्डनको जन्म १७ फेब्रुअरी १९६३ मा ब्रुकलिनको एक मध्यमवर्गीय परिवारमा भएको थियो। उनी ५ दाजुभाइमध्ये चौथो सन्तान हुन्।

### बाल्यकाल र अध्ययन

त्यसबेला, लागूपदार्थ र जातिवादको कारण, उनको परिवार क्यारोलिनाको विल्मिंगटन शहरमा सरे, जहाँ उनले आफ्नो पढाइ पूरा गरे। माइकल जोर्डनका आमाबाबुले बाल्यकालदेखि नै उनको मानसिकतालाई सफल बन्न तयार गरेका थिए। माइकल जोर्डन बाल्यकालदेखि बास्केटबलमा जान चाहँदैन थिए, उनको रुचि बेसबलमा जाने थियो। १२ वर्षको उमेरसम्म उनी बेसबल खेल्थे र यसमा उनी निकै राम्रो खेलाडी पनि थिए, तर बास्केटबल खेल्नुको पछाडिको कथा अर्कै छ। एक पटक आफ्नो बाल्यकालमा, माइकल आफ्नो भाइसँग बास्केटबल खेल्दै थिए, त्यसपछि उनको भाइ लोरीले उनलाई बास्केटबलमा पराजित गरे र उनले यो अपमान सहन सकेनन्। र यस्तो सानो घटनाको कारण, उनले आफूलाई राम्रो बास्केटबल खेलाडी बनाउने निर्णय गरे र नियमित रूपमा यस खेलमा आफूलाई सुधार गर्न थाले र यो खेल मन पराउन थाले।

### माइकल जोर्डनको प्रेरणादायक कथा

माइकलको बाल्यकालको एउटा प्रेरणादायी घटना जुन सबैका लागि धेरै प्रेरणादायी साबित हुन्छ, माइकल १३ वर्षको हुँदा उनका बुवाले उनलाई आफूकहाँ बोलाएर एउटा पुरानो र प्रयोग गरिएको टी-शर्ट दिएर सोध्नुभयो, "ल भन छोरा, यो टी-सर्ट को मूल्य कति होला ? माइकलले सोच्यो र भन्यो कि यो एक डलर होला। त्यसैले बुबाले भने कि तिमी जे मनलाग्छ गर तर बजार गएर यो टी-सर्ट २ डलरमा बेच। माइकलले सोचे कि के गर्ने ताकि उसले यो पुरानो टी-शर्टको लागि २ डलरमा बिक्री गर्न सकियोस्। माइकलले त्यो टी-सर्ट राम्ररी धोए र त्यसपछि घरमा आइरन नभएकोले यसलाई सीधा गर्न कपडाको चाङ्गमुनि राखे। भोलिपल्ट उनले त्यो टिसर्ट पहिलेको भन्दा राम्रो देखे, त्यसपछि नजिकैको रेलवे स्टेशनमा गए र ५ घण्टाको मिहिनेतपछि बेचे र धेरै खुसी भएर घर आए र पैसा बुबालाई दिए। १५ दिनपछि बुबाले फेरि त्यही कपडा दिनुभयो र भन्नुभयो जाउ २० डलरमा बेच। यस पटक माइकलले अलिकति सोच्यो कि कसले यसको लागि २० डलर तिर्नेछ। तर बुबाले कम्तिमा एक पटक प्रयास गर भने। त्यसैले उसले फेरि सोच्यो र आफ्नो साथीको सहयोगमा उसले सहरमा गएर त्यो टी-सर्टमा मिकी माउसको स्टिकर लगाए र एउटा विद्यालयको अगाडि उभियो जहाँ अधिकांश केटाकेटी धनी परिवारबाट आएका थिए। एउटा सानो बच्चाले आफ्नो बुबालाई किनिदिन भने। सानो केटाको बुबाले थप ५ डलर टिप दिएर लुगा किने, यसरी उनले १ डलर टी-शर्ट २० डलरमा बेचे र ५ डलर टिप पाए, त्यसैले माइकलले कुल २५ डलरमा बिक्री गरे र उनले खुसीसाथ आफ्नो बुबालाई बताए। केही दिनपछि माइकललाई उनका बुवाले अर्को कपडा दिए र त्यसलाई २०० डलरमा बेच्न भने। यस पटक माइकललाई यो धेरै भएको महसुस भयो, तर पनि उनले हार मानेनन् किनभने बुबाले दिएका यस्ता कार्यहरूमा माइकल अहिलेसम्म पूर्ण रूपमा सफल थिए। अन्ततः माइकलले यो काम पनि गर्ने निधो गरे, तर यसपटक उनले २-३ दिनसम्म त्यो कामको बारेमा सोचे, उनले त्यो १ डलर मूल्यको पुरानो टी-सर्टलाई २०० डलरमा कसरी बेच्ने? जसरी प्रयास गर्नेहरूले हार मान्दैनन्, त्यसैगरी माइकलले हार मानेनन् र त्यो पुरानो कपडाको मूल्य बढाउने उपाय खोजे। माइकल त्यही कपडा लिएर सहर गए। उनले त्यो दिन शहरमा एक धेरै लोकप्रिय अभिनेत्री आएको देखे। माइकलले पुलिसले बनाएको सुरक्षा घेरा तोडेर कपडामा अभिनेत्रीको अटोग्राफ लिन सफल भयो। बच्चाको निर्दोषता देखेर अभिनेत्रीले पनि अस्वीकार गर्न सकेनन्, भोलिपल्ट माइकल त्यो अटोग्राफ गरिएको कपडा लिएर बजार गए। त्यहाँ एक ठूलो भीड थियो जसले यसलाई किन्न चाहन्थे र कपडाको लागि बोली लगाइएको थियो, अन्ततः माइकलले २ हजार डलरमा सो कपडा बेचे। यो घटनापछि माइकलका बुबाले आफ्नो छोराले जीवनमा जे पनि गर्न सक्छ भन्ने महसुस गरे। माइकल यस्तो व्यक्ति हुन् जो आजको युवा पुस्ताका लागि उदाहरण हुन्।

### सफलताको यात्रा

माइकलको जीवनमा हरेक ठूला मानिसको जीवन जस्तै कठिनाइहरू थिए, जब उनी १० कक्षामा थिए, उनी गर्मीको छुट्टीमा जुनियर बास्केटबल टोलीमा सामेल भए, जहाँ उनको प्रदर्शन अन्य खेलाडीहरू भन्दा धेरै राम्रो थियो, तर फाइनल टोलीमा पुग्न सकेन। उनको उचाइ अन्य खेलाडीको तुलनामा निकै कम भएकाले उनी छनोट भएनन्। यो घटना उनको करियरको पहिलो निराशा थियो, यो घटनापछि उनले आफूलाई सुधार्ने सोच बनाए र जब पनि अभ्यासमा जान्थे, उनी सबैभन्दा पहिला पुग्थे र सबै नगएसम्म पूरा समर्पणका साथ अभ्यास गर्थे। अन्ततः कडा परिश्रमका कारण अर्को वर्ष उनी हाई स्कूल टोलीमा छनोट भए र उनको टोलीको स्टार खेलाडी बने। उनले कलेजमा पनि आफ्नो बास्केटबल क्यारियर जारी राखे। माइकल नर्थ क्यारोलिना विश्वविद्यालयमा कलेज टोलीको मुख्य खेलाडी थिए। १९८२ मा राष्ट्रिय कलेजिएट एथलेटिक एसोसिएसन च्याम्पियनसिपमा आफ्नो टोलीलाई जिताउनको लागि माइकलको प्रमुख भूमिका थियो। १९८४ मा लस एन्जलस समर ओलम्पिकमा माइकल युएस बास्केटबल टोलीका कप्तान थिए जसमा उनले टोलीलाई जीत दिलाएका थिए। १९८४ मा, माइकल आफ्नो स्नातक गरिरहेको बेला शिकागो बुल्स टोलीमा सामेल भए, माइकलको आगमन अघि, शिकागो टोली हार्ने टोली थियो। तर माइकल सामेल भइसकेपछि टोलीले आफ्नो प्रदर्शन देखाउन थाल्यो। त्यहाँ उनको प्रदर्शन यति उत्कृष्ट थियो कि सन् १९८४-८५ मा हरेक खेलमा औसत २८ अंक बनाएर स्टार खेलाडी बने। तर अर्को वर्ष माइकलको खुट्टामा चोट लागेका कारण उनले अर्को सिजन खेल्न सकेनन्। आफ्नो अर्को सिजनमा उनी अझै धेरै उत्साह र कडा परिश्रमका साथ टोलीमा फर्किए र पूरै सिजनमा ३ हजार अंक जोड्ने खेलाडी बने। १९८७-१९८८ मा, माइकल मोस्ट भ्यालुएबल प्लेयर बने र डिफेन्सिभ प्लेयर अफ द इयरको उपाधि पनि जिते। माइकल आफ्नो उत्कृष्ट प्रदर्शनका साथ सफलताको सिँढी चढ्दै थिए। उनले आफ्नो टोलीलाई १९९०-१९९१, १९९१-१९९२, १९९२-१९९३ को विजेता बनाउन सबैभन्दा महत्त्वपूर्ण भूमिका खेले। १९९२ मा, उनी स्वर्ण पदक जित्ने टोलीको हिस्सा थिए।

### जुवाले बर्बाद गर्‍यो तर हार मानेनन्

माइकलको जीवन कठिनाइहरूले भरिएको थियो किनभने १९९३ मा, माइकललाई जुवा खेलेको देखियो र उनले बास्केटबलबाट सन्यास लिनुपर्‍यो, जसका कारण उनी धेरै टुटेका थिए। त्यसपछि बाबुको हत्या पनि जुवा खेल्दा भएको दुश्मनीका कारण भएको भन्ने खुलेको थियो। बास्केटबलबाट सन्यास लिएपछि, उनले शिकागो लीग बेसबलसँग सम्झौतामा हस्ताक्षर गरे, जसको अर्थ बास्केटबल नभए बेसबल नै सही तर उनी रोक्न चाहँदैनथे। शिकागो बुल्सले १९९३-१९९४ मा बास्केटबलमा राम्रो प्रदर्शन गर्न सकेन किनभने माइकल त्यो टोलीमा थिएनन्, तर केही समय पछि माइकलले बास्केटबलमा पुनः प्रवेश गरे र शिकागो बुल्सलाई १९९७ सम्म आफ्नो स्तर भन्दा कहिल्यै तल झर्न दिएनन्। माइकल पहिलो एथलेटिक्स अर्बपति हुन्, उनले माइकलको नाममा सबैभन्दा ठूलो खेल पोशाक कम्पनी नाइके, कोका-कोला, म्याकडोनाल्ड्स जस्ता ठूला ब्रान्डहरू पनि प्रचार गरेका छन्। उनको नाम २०१० को फोर्ब्स २० सेलिब्रेटीहरूमा पनि देखा परेको छ।